राजगुठीको संचालनमा गुठी संस्थानले गर्नुपर्ने काम मुख्य रुपले दुई प्रकारका छन् : (क) राजगुठीमा दर्ता भएका गुठीका दाताहरुको इच्छानुसार धार्मिक, सांस्कृतिक पर्व पुजा, जात्रा संचलन गर्नु र सामाजिक कार्यहरु समेत अविच्छिन्न रुपले संचालित गर्दै जानु हो भने (ख) राजगुठीका कार्यहरु संचालित गर्न दाताले राखेको सम्पति (खासगरी जगगा जमिन) को समुचित व्यवस्थापन गरी निर्वाध रुपले अधिकतम आय आर्जन गर्नु हो । गुठी संस्थान अर्न्तगत दर्ता भएका राजगुठीहरु मध्ये हिन्दु मठ मन्दिरका अतिरिक्त महायानी समुदायका वौद्ध ध्याङ्ग (गुम्वा) मरु, वज्रयानी समुदायबाट तान्त्रिक विधिले पुजा गरिने वौद्ध विहारहरु, नानक सम्प्रदायका गुरु ग्रन्थ साहिवाको पुजा अर्चना गरिने मठ मन्दिरहरू पनि पाइनछ भने हिन्दु मठ मनिदरहरूमा वौदिक र तान्त्रिक दुवै विविधले वा कुनै एकले मात्र पनि पुजा आजा गर्ने प्रचलन रहेको पनि पाईन्छ । त्यसैगरी अत्यन्त प्राचित, ऐतिहासिक र सांस्कृतिक महत्वले भरिएका विशिष्ट जात्राहरु पनि विशेवतः राजगुठी अन्तर्गत नै संचालित हुन्छन् । छुट र अमानत गरी यस्ता राजगुठीहरु करिव २३०० को संख्यामा दर्ता छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा कारागारको व्यवस्थापन

सामान्य झलक

पृष्ट भूमि :

मानव सभ्यताको विकास क्रमसंग समाजमा अनुशासन कायम राखि स्वच्छ, शान्त र सभ्य समाजको स्थापनार्थ विभिन्न नीति नियम तथा कानूनहरुको निर्माण, कार्यान्वयन र उक्त कानून उल्लंघन गर्नेलाई तोकिए वमोजिम सजाय स्वरुप कैद तथा जरिवाना गरिदैआएको कुरा विश्वका प्राय सवै जसो मुलुकहरुको सभ्यताको विकास सम्बन्धी इतिहासबाट देखिन्छ । यस सन्दर्भमा विश्वमा सर्वप्रथम कारागारको सुरुवात मानव सभ्यताको विकाससंगै भएको भनि सहजै अड्कल गर्न सकिन्छ । नेपालमा भने कारागारको इतिहास वि.स. १९७१ देखि मात्रै भएको पाइन्छ । नेपालको सवभन्दा पुरानो कारागार हालको कारागार शाखा, जगन्नाथ देवल नै, जसलाई सुरु सुरुमै सदर जेलै भनिन्थ्यो र हाल त्यसलाई केन्द्रीय कारागारको नामले चिनिन्छ ।

कारागारको संख्या र क्षमता :

नेपालमा वि.स. १९७१ मा सदर जेलको स्थापना पश्चात हाल सम्म ७१ वटा जिल्लामा ७३ कारागारहरुको स्थापना भैसकेका छन् भने हाल सम्म पनि सुनसरी, धनुष, वारा र भक्तपुर जिल्लामा कारागार छैनन् भने काठमाण्डौमा केन्द्रीय कारागार, जगन्नाथ देवल र सदरखोर, डिल्लीबजार र दाङमा २ (घोराहि तुल्सीपुर) कारागार रहेका छन् । सरकारी तथ्याङ्क अनुसार ७३ वटा कारागारहरुको कूल वन्दी क्षमता देहायमा उल्लेख भए मुताविक ७२३३ जना रहेको छ ।

जम्मा कैदी वन्दी संख्या : ७२३३ जना

: कारागार शाखा पर्साको हालको वास्तविक क्षमता ७५० रहेको छ ।

कारागारको प्रशासनिक व्यवस्था :

नेपालमा जेल प्रशासनको शुरुवात नै राणा शासन कालमा भएको हो । शुरूमा कारागार (जेल) मुख्तियार मातहत हुन्थयो । त्यसबखत रोलवाला जर्नेल नै कारागारको प्रमुख हुने व्यवस्था थियो । वि.स. २००७ सालमा राणा शासनको अन्त भै प्रजातन्त्रको प्रार्दुभाव भएपछि गृह मन्त्रालय अन्तगंगत संचालित हुने व्यवस्थाको शुरूवात भयो । त्यसवेला काठमाण्डौ उपत्यकाको कारागारहरुको प्रशासन उपत्यकाञ्चल कमिस्नर र अन्य जिल्ला कारागारहरुको प्रशासन सम्वन्धीत जिल्लाका वडा हाकिमको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा संचालन हुन्थ्यो । राशन सिधामा कानूनत तोकिए वमोजिमको सुविधामा देखिएको सिमित परिमाणको फरक वाहेक अन्य कुनै किसिमको भिन्नता रहेको छैन । हालै "क" श्रेणीका वन्दीहरुलाई प्रतिदिन प्रति व्यक्ति ७०० ग्राम मसिना चामल र नगद रु. २० तथा "ख" श्रेणीका वन्दीहरुलाई ७०० ग्राम मोटा चामल र नगद रु. १५ र आश्रित नावालकहरुलाइं उमेर अनुसार चामल र नगद उपलव्ध गराईन्छ । पुरुष वन्दीहरुलाई तोकिए वमोजिम प्रत्येक वर्ष जाडो समयमा कुर्था एक, सुरूवाल एक तथा गर्मि समयमा कट्टु एक र वुसर्ट एक, महिला वन्दीलाई दश हात धोती एक र चोलो एक वर्षको २ पटक र आश्रित नावालक नावालिकालाई कमिज एक, सुरूवाल वा घांघर एक वर्षको २ पटक र सुती कपडाको कोट एक, गलवन्दी एक र टोपी १ वर्षको १ पटक, काम्लो एक, पाखी एक, र च्यादर एक हरेक २ वर्षमा १ पटक उपलव्ध गराइने व्यवस्था छ । महिला वन्दी सुत्केरी भएमा अन्य केही थप सुविधा समेत दिने व्यवस्था रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहास **History**

चिडियाखानाको एक परिचय :

नेपालको एक मात्र चिडियाखानाको स्थापना सन् १९३२ मा स्व. प्रधानमन्त्री जुद्ध शम्शेर ज.व.रा. ले निजि चिडियाखानाको रुपमा गर्नु भएको थियो । सन् १९५१ को राजनैतिक परिवर्तन पश्चात सदर चिडियाखानाको स्वामित्व श्री ५ को सरकाले लियो र सन् १९५६ देखि सार्वसाधारणको लागि खुल्ला गरियो । यस चिडियाखानाको व्यवस्थापन विगतका बर्षहरुमा विभिन्न सरकारी निकायहरु अर्न्तगत संचालन हुदै अन्तमा यसको व्यवस्थापन वन तथा भू-संरक्षण मन्त्रालयद्धारा गरियो र श्री ५ महाराजधिराज वीरेन्द्र विर विक्रम शाहदेव सरकारको स्वर्ण शुभ जन्मोत्सवको शुभ अवसरमा यस सदर चिडियाखानाको व्यवस्थापनको जिम्मेवारी पुर्णतया एक स्वतन्त्र, गैर सरकारी वातावरणीय संस्था श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषलाई सन् १९९५ डिसेम्वर २९ तारिखका दिन हस्तान्तरण गरियो । करिव ६ हेक्टरको क्षेत्रफल ओगटेको यस चिडियाखानामा ९४ जातका करिव ५०० वटा जनावरहरु रहेका छन् । यी मध्ये स्तनधारीहरु ३०, चराचुरुङ्गीहरु ५२ र घस्रने जातका ८ पर्दछन् र जसमा नेपालबाट लोप हुन लागेका ३८ जातका जनावरहरु मध्ये १४ वटा प्रदर्शनीमा रहेका छन् ।

भृकुटी मण्डप

परिचय

वि.स. १९८९ साल असार २७ गतेदेखि स्थापना भएको यसको एरिया कम्पाउण्ड करिव १२८ रोपनीमा सिमित छ । भृकुटीमण्डप प्रदर्शनी स्थल २०३७ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्लाई हस्तान्तरण भएपछि हालसम्म परिषद अन्तर्गत संचालन हुदै आएको छ । यस प्रदर्शनी स्थलको व्यवस्थापन समितिले यस क्षेत्रको रेखदेख गर्दै आएकोमा हाल समाज कल्याण परिषदको कार्यालयको रुपमा भृकुटीमण्डप संचालक कार्यालयले व्यवस्थापन गर्दै आएको छ । यस क्षेत्रबाट समाज कल्याण परिषद्को आय आर्जनमा ठुलो भूमिका रहेको छ । यस प्रदर्शनी स्थलको विवरण निम्न अनुसार छ : कुल क्षेत्रफल : १९३ रोपनी मा सिमित छ ।

नेपाल विद्यार्थी संघ

चिनारी :

पंचायती सरकारले गिरीफ्तार गरी सेन्ट्रल जेलमा नेताहरु जेलभित्र भेट भएपछि विद्यार्थी सम्मेलनको वारेमा जेलको ६ नं. कोठामा बहस पछि जेल वाहिर सम्मेलनमा पठाइएको थियो । तत्कालिन विद्यार्थी नेता वर्तमान सभामुख रामचन्द्र पौड्यालले गर्नु भएको थियो ।

वि.स.१९९७ सालदेखि राणा विरोधी गतिविधि शुरु भएका थिए । २००४ सालमा जयतु संस्कृतम् आन्दोलन गरेका थिए । २००५ सालमा त्रिचन्द्र कलेजमा प्रजातान्त्रिक आन्दोलनमा आफुलाई सरिक गराएका थिए । २००७ सालको जनक्रान्ति २०१५ सालमा नेपाली कांग्रेसलाई दुई तिहाई बहुमतद्धारा बिजयी गराउन ने.वि. संघमा सक्रिय भएर लाग्दा राम, लक्ष्मण, लीला, ठगी, कामेश्वर, कुशेश्वर जस्ता क्रान्त्रिकारी योद्धाहरुले ज्यान आहुती दिए । २०२९ साल र २०३२ सालको आन्दोलनलाई अरु अघि बढाउने अठोटमा लागिरह्यो । २०४२, २०४५ साल चैत्रमा उपकुलपती घेराउले पंचायती शासक पुन: हल्लिए र सयौं विद्यार्थी नेताहरुलाई गिरफ्तार गरे । २०४६ साल सर्वोच्च कमाण्डर गणेशमान सिंहको नेतृत्वमा शुरु गरिएको आन्दोलनमा सहभाग। हुन आव्हान गरेको थियो । राम थापा, लालवहादुर बम, इश्वरीदत्त शर्मा लगायत सयौं विद्यार्थीहरु र नेपाली कांग्रेसका कार्यकर्ताहरु शहीद भए । लाखौं कार्यकर्ताहरुले सडकलाई रक्तरजित पारेर २०४६ सालको ऐतिहासिक जनआन्दोलन सफल पारी ने.वि. संघले अग्रणी भूमिका खेलेको थियो ।जननेता वी.पी. कोइराला ने.वि. संघका जन्मदाता सन्तनेता कृष्णप्रसाद भट्टराई, सर्वोच्च कमाण्डर, गणेशमान सिंह, क्रान्तिकारी नेता, गिरिजाप्रसाद कोइराला हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा प्रचलित विभिन्न धर्महरु बारे

१ हिन्दु धर्मको पवित्र स्थल इत्यादी धर्म कर्मकाण्ड हिन्दु परम्परा दाहसंस्कार, मृत्यू शरीरलाई जलाई भष्म गर्ने ।

२ वौद्ध धर्म दुई प्रकारका हुन्छन् : (क) हिन्दु परम्परा (ख) मृत्यु अवस्थामा जमिनमा पुर्ने परम्परा

३. सिख धर्म हिन्दु धर्म परम्परा अनुसार मृत्युमा जलाई भष्म गर्ने ।

४. मुर्सलिम धर्म मुख्य चाँदलाई मान्यता दिने । मृत्यु अवस्थामा जमिनमा पुर्ने परम्परा । यो चार धर्मलाई नेपाल गुठी संस्थानमा दर्ता भएका छन् । नेपालमा देखा परेका धर्महरु ।

५. इसाई धर्म गिर्जा घरमा प्रार्थना गर्ने मृत्यु अवस्थामा जमिनमा नै पुर्ने ।

६. जैन धर्म हिन्दु परम्परा अनुसार मत्यु अवस्थामा जलाउनु पर्ने ।

७. कविर धर्म हिन्दु परम्परा अनुसार मृत्यु अवस्थामा जलाउनु पर्ने ।

८. सिन्तो धर्म

९. साइवावा धर्म हिन्दु परम्परा अनुसार मृत्यु अवस्थामा जलाउनु पर्ने ।

१०. सन्यासी धर्म हिन्दु परम्परा, मृत्यु अवस्थामा जमिनमा पुर्नुपर्ने ।

<u>नेपालका विभिन्न स्थान मठ मन्दिरहरुमा पुजारीहरु :</u>

१. अलिनो भट्ट पुजारी श्री पुशपतिनाथ
२. ब्रम्हाण पुजारीः शिव, राम, कृष्ण, विष्णु, दुर्गा इत्यादीहरुको ।
३. सन्यासी पुजारीः शिव, राम, कृष्ण, विष्णु दुर्गा इत्यादीहरुको ।
४. साक्य गुवाजु पुजारी : वुद्ध, मछिन्द्रनाथ, भैरव, गणेश, भिमसेन, कुमारी इत्यादीहरू ।
५. कर्माचार्य पुजारीहरु : वुद्ध, मछिन्द्रनाथ, भैरव, भिमसेन, गणेश, देवीहरू ।
६. साक्य वज्राचार्य पुजारीहरु : वुद्ध, मछिन्द्रनाथ, भैरव, भिमसेन, गणेश, देवीहरू ।
७. ज्यापु पुजारी : वुद्ध, गणेश, भैरव, कुमारी, भिमसेन, काली देवी सरस्वती इतयादीहरू
८ मगर पुजारी : मनकामना माई, काली भैरव, भिमसेन आदिहरू ।
९. पोडे द्योयोपाला (मन्दिरघरको रेख देख)
१० कुसुले द्योयोपाला (मन्दिरघरको रेखदेख)
११. तराई क्षेत्रतर्फ पुजारीहरू :
१२. उदासी पुजारीहरु : शिव, राम, कृष्ण हनुमान इतयादीहरू ।
१३ सन्यासी पुजारीहरु : शिव, राम, कृष्ण, हनुमान इतयादीहरू ।
१४ बैशनवी वैरागी पुजारीहरु : शिव, राम, कृष्ण, हनुमान इतयादीरू ।
१५. नाथ : गोरखनाथ पुजारीहरु : शिव, सिता, राम, कृष्ण, हनुमान इतयादीहरू ।
१६ महन्त (द्योयोपाला) मन्दिर घरको रेखदेख गर्ने ।
१७ जोशी पुजारीहरु : वुद्ध, गणेश, भैरव, भिमसेन, कालीदेवी, सरस्वती आदि ।

<u>हिमालय र पहाडी भेग तर्फ</u>

गुरुङ पुजारीहरू : शिव, राम, कृष्ण, देवी इत्यादीहरू ।
लामा पुजारी : वुद्ध, कुलदेवता, सितलामाई इत्यादीहरू ।
भाक्री पुजारीहरू : वुद्ध, कुल देवता, आकाश देवता इत्यादीहरू ।
धामी पुजारी : वुद्ध, कुल देवता, आकाश देवता इत्यादीहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल चलचित्र कलाकार संघ

— अतितदेखि वर्तमानसम्म

नेपालमा चलचित्र निर्माणको इतिहासलाई हेर्दा वि.सं. २०१८ सालमा स्व. श्री ५ महेन्द्रको शुभजन्मोत्सवको वृतचित्र छायाङ्कन गरेर प्रारम्भ भएको पाइन्छ । स्व. श्री ५ महेन्द्रवाट भारतको कलकत्तावाट स्व. हिरा सिं खत्रीलाई नेपाल वोलाई वक्सेपछि प्रारम्भ भएको नेपाली चलचित्र निर्माणले अहिले ३५ वर्षमा पाइला टेकेको छ । प्रारम्भमा स्व. हिरा सिं खत्रीको निर्देशनमा तात्कालिन प्रचार प्रसार विभागले नेपाली कथानक चलचित्र आमा (२०२२) हिजो आज भोली (२०२४) परिवर्तन (२०२७) को निर्माण गरेको थियो । यि तिनै चलचित्रहरू तात्कालिन व्यवस्थाको प्रचार प्रसारका लागि निर्माण भएको पाइन्छ यसै बीच नीजि क्षेत्रको प्रयाशमा २०२३ सालमा वि.एस. थापाको निर्देशनमा चलचित्र माइतीघर निर्माण भयो । यसपछि २०२८ सालमा आएर शाही नेपाल चलचित्र संस्थानको स्थापना भयो । नेपाली चलचित्र निर्माणको अभिभांरा लिएर संस्थानले व्यवसायिक चलचित्र निर्माण गर्न थाल्यो । यो क्रम झण्डै झण्डै १०/१२ वर्ष सम्म चल्यो । वि.सं. २०४० साल पछि आएर नीजि क्षेत्रका लगानी कर्ताहरू पनि नेपाली चलचित्र निर्माणका लागि अग्रसर हुन थाले । यसै बीचमा श्री ५ को सरकारले चलचित्र क्षेत्रका संरक्षण सम्वर्द्धनका लागि अनुदान सहयोग प्रदान गर्ने नीति निर्माण गऱ्यो । जसले गर्दा नेपाली चलचित्र निर्माणको क्रम वढ्न थाल्यो । चलचित्र निर्माणक्रम वढ्न थाले पछि यस क्षेत्रसंग सम्वन्धित पेशाकर्मीहरू पनि स्वदेशमै जन्मिन थाले । यसरी पेशाकर्मीहरूको हक हित र सुरक्षा लगायतका वर्गीय कुराहरू यस क्षेत्रमा पनि जन्मिन थाले ।

चलचित्रमा अभिनय गर्ने कलाकारहरूको संस्था गठन गरिनु पर्ने आवश्यकता महशुस भैरहेको बेलामा २०४५ साल भाद्र ५ गते देशको पूर्वी भागमा ठूलो प्रलयकारी भूकम्प गयो । भूकम्पवाट पिडित दाजु भाइ तथा दिदी वहिनीहरूको सहयोगका लागि नेपाली चलचित्रकर्मीहरू जुटे, संगठित भए । सडक घरदैलोमा गएर पिडित पक्षको राहतका लागि चन्दा सहयोग लत्रा कपडा आदि उठाइ सम्वन्धित निकायमा जिम्मा लगाउने कार्य चलचित्रकर्मीहरूवाट भयो । पिडित पक्षको सहयोगका लागि-संगठीत भएका चलचित्र कलाकारहरूले त्यही वेलामा संघ/संगठन हुनु पर्दोरहेछ भन्ने आभास पाए र संस्था खोल्ने कुरामा एकमत भइ २०४५ भाद्र २३ गते श्रीमती शान्ति मास्केको संयोजकत्वमा नेपाल चलचित्र कलाकार संघ तदर्थ समिति गठन भयो । वर्गीय हित र एकताका लागि तदर्थ समिति गठन भएता पनि विविध कारणवश यो समितिले २०४७ सालमा आएर मात्र वैधानिकता का लागि आवेदन गऱ्यो । नेपाल चलचित्र कलाकार संघ २०४८ सालमा पूर्णरूपमा गठन भयो । यही कार्यकालमा आएर संघ विधिवत रूपमा काठमाण्डौ (जि.का.व.नं. ३४९-०४८/०४९) दर्ता पनि भयो । कार्य समितिले लगभग दुई वर्ष कार्यभार संभाल्यो ०५० आषाढ २७ गते संघको निर्वाचन सम्पन्न भयो । कार्य समितिले ३ वर्ष सम्म कार्यभार संभाल्यो । यो कार्य समितिको पदावधी समाप्त भए पछि ०५३ आषाढ ३१, गते संघको कार्यकारिणी समितिको निर्वाचन भयो । सदा झैं यस पटक निर्विरोध निर्वाचन भएन र नेपाली चलचित्र कलाकारहरूले इतिहासमै पहिलो पटक स्वतन्त्र रूपमा मताधिकारको प्रयोग गरे । वसुन्धरा भूषालको अध्यक्षतामा विजयी भएको कार्य समिति अहिले सम्म कार्यरत रहेको छ ।

संघको स्थापना पश्चात गरेका महत्वपूर्ण कार्यहरू : (क) नेपाल चलचित्र संघको मानार्थ सदस्यता लिएको (०४९/५०) (ख) चलचित्रलाई सार्वजनिक प्रदर्शन गराउन वातावरण तयार गर्न राष्ट्रिय सभा गृहमा चेलिवेटी प्रदर्शन गराएको (०४८/०४९) (ग) ०५० साल माघ २९ गते चलचित्र कर्मी सम्मान समारोहको आयोजना गरी श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ वडा महारानी सरकार सुरक्षाका लागि नेपाल चलचित्र कलाकार संघ कटिवद्ध रहदै आएको छ ।

हालसम्म यस नेपाल चलचित्र कलाकार संघका चलचित्र कलाकर्मीहरूको सदस्य संख्या समारोह समिति तर्फ ७०१ जनाहरू र विभिन्न उपसमिति तर्फ २२० जनाहरू समावेश छन् यो नेपाल चलचित्र कर्मी रजत महोत्सव सम्मान समारोह २०५६ आषाढ ३१ गतेको कार्यक्रम पुस्तिकाको आधारवाट लिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा दक्षिण सार्क लेलकुद दुइपटक भयो । पहिलो सन् १९८४ मा र दोश्रो २०५६ आसोज सन् १९९९ मा भएको थियो । जसमा नेपालले दोश्रो स्थान प्राप्त गरेको थियो ।

श्री गणेशमान श्रेष्ठको जन्म १९७२ मा र निधन २०५४ सालमा उहाँ बारे छोटो परिचय: अरू चार जनालाई फाँसी र गोली हानी मार्ने श्री गणेशमानको सर्वस्त्र हरण गरी २००१ सालमा जेल हालिएको थियो । २००३ सालमा जेलको ढलवाट भागेर कलकत्ता पुग्नु भयो र वि.पि. कोइरालासंग भेट्नु भयो । २०४६ सालमा सम्पूर्ण दलको सर्वोच्च कमाण्डर हुनुभयो । २०४८ सालमा सर्वमान्य नेता हुनुभयो ।

मनमोहन अधिकारीको चिनारी :

जन्म १९७८ र निधन २०५६ साल । २००३ सालमा पहिलो आन्दोलन अड्ताल विराटनगरमा गरेका थिए । २०४६ सालमा सर्वश्रेष्ठ आन्दोलनका नेता बहुदलिय व्यवस्थापछिको नेपाली कम्यूनिष्ट पार्टीका प्रथम प्र.मं. ।

प्रसिद्ध अधिराज्यका जनगायक स्वर सम्राट नारायण गोपाल :

जन्म १९९६ र मृत्यू २०४७ साल । प्रशारित गीत करीव ४०० जति ।

मल्ल राज्यकालमा राजामति मदीरा पसल राखेर पनि इतिहासमा प्रख्यात भइन भनि, राणा शासनकालमा राज गायक तर्फ झुमक उस्ताद र बादकतर्फ गणेशलाल श्रेष्ठ र अभिनय क्षेत्रमा रत्नदास प्रकाशलाई राणा शासनमा अभिनयले राणा परिवारका चेलीबेटीहरूले उनको अभिनयले ज्यादै प्रभावीत भई झ्यालबाट पनि इसारा गरी रत्नदास प्रकाशलाई बोलाएको थाहा पाउँदा रत्नदासलाई तीन टुक्रा पारिदिनु भन्ने आदेश समेत भएको थियो । त्यसै सन्दर्भमा जन-साधारण तर्फ ठहिटी वासिन्दा सान्चा पहलमानले पनि त्यो आफ्नो जमानामा निकै दुनियदारीहरूलाई थर्काइ राखेको थिए । एकपटक दुइवटा मत्ता सांढेहरू जुधेको बखतमा एउटा सांढेको दुइहातले सिङ्ग समातेर भित्तामा टाँसी आफू फुत्किदा सांढेको सिङ्गमा ठुलो चोट लागेको थियो ।

कलाकारहरू मध्येबाट ठुलो ओहदाको पद प्राज्ञ सदस्य र महाप्रवन्धक पाउनेहरू

१.	श्री यज्ञराज शर्मा	सदस्य	ने.रा.प्र.प.
२.	श्री धर्मराज थापा	"	"
३.	श्री रत्नदास प्रकाश	"	"
४.	श्री नरराज ढकाल	"	"
५.	श्री निर शाह	"	"
६.	श्री नारायण गोपाल गुरूवाचार्य	सांस्कृतिक संस्थान महाप्रवन्धक	
७.	गणेश रसिक	"	"
८.	रमेश ताम्राकार	"	"
९.	रायण श्रेष्ठ	"	"
१०.	हरिहर शर्मा	"	"
११.	निर शाह	नेपाल टेलिभिजन महाप्रवन्धक	
१२.	दिपक जंगम	रत्न रेकर्डिङ्ग महाप्रवन्धक	
१३.	शिव शंकर मानन्धर	"	"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०१५ साल आषाढदेखि महालेखा अधिराज्य विभिन्न अफिस कार्यालय संघ संस्था कम्पनी इत्यादीहरू अडिटको हिसाव हेर्ने र जाँचवुझ गर्ने व्यवस्था भएको ।

२०१२ सालदेखि नेपाल अधिराज्यभर कम्पनी दर्ता गर्नुपर्ने र दर्ता प्रमाणपत्र लिने चलन भएको । प्र.मं. मनमोहन अधिकारी ने.क.पा. एमाले सरकारको पालामा ७५ बर्ष वृद्ध भत्ता रू. १०० दिने व्यवस्था भएको

२०५६ साल प्र.मं. कृष्णप्रसाद भट्टराईको पालादेखि वृद्ध भत्ता ५० थप गरी जम्मा १५० गरिएको ।

प्र.मं. सेर वहादुर देउवाको पालामा ६० वर्ष पुगेका महिलाहरूलाई बिदुवा भत्ता दिने व्यवस्था भएको ।

प्रत्येक गा.वि.स.हरूलाई ५ लाँख रूपैया दिने ने.क.पा. एमाले सरकार प्र.मं. मनमोहनको पालामा ।

२०२० साल कार्तिक २७ गतें शाही सैनिक मंच बनेको ।

२०२८ सालमा सिंहदरवारमा ने. राष्ट्रिय कम्प्यूटर केन्द्रबाट सुरूवात भएको ।

२०३६ सालदेखि नेपाल अधिराज्यभर आ-आफना कार्यालयहरूमा परिचय पत्र लागु भएको ।

२०५३ सालमा मतदान दिने सुविधाको लागि मतदान परिचय पत्र लागू भएको ।

२०१८ सालदेखि नेपाल अरधराज्यभर १४ अंचल ७५ जिल्लामा भएको नगरक्षेत्र गाविस क्षेत्रहरू भएको

२०१६ सालमा महालेखा परिक्षणको स्थापना भएको ।

२०३६ सालमा प्र.मं. सूर्यबहादुरको पालामा कर्मचारीहरूलाई दशैं पेस्की कट्टी गर्नु नपर्ने मिनाह भएको

२०५५ साल प्र.मं. गिरीजाको पालामा अवकाश मिलेका कर्मचारीहरूको दशैं पेश्की आधा दिने व्यवस्था

२०२० देखि नेपाल हस्तकलाहरू र नेपाली कार्पेटहरू विदेशमा समेत व्यापक प्रचार प्रसार भएको ।

२०२३ सालमा निर्वाचन आयोगको स्थापना भएको ।

२०२८ देखि नेपालमा विवाहहरूको दर्ता र कोट म्यारिजको स्थापना भएको ।

२०३३ सालदेखि नेपालमा जन्म र मृत्यूहरूको दर्ता गर्नुपर्ने चलन भएको छ ।

२०५६ साल पहिलो चरणको निर्वाचनमा ५८ लाख २९ हजार ९ सय ८८ वालिक मतदाताहरू थिए जसमा २ हजार ९ सय ९५ मतदान केन्द्रहरू थिए । जसमा २६ हजार १ सय ८१ कर्मचारीहरू र २५ हजार ७ सय १२ प्रहरी जवानहरू उक्त मतदान केन्द्रहरूमा खटिएका थिए । जसमा विभिन्न राजनितिज्ञ पार्टी स्वतन्त्र पार्टीहरू मिलाई ९ सय १७ जना चुनावी उमेद्वारहरू थिए जसमा डोल्पाको सुगाउ मतदान केन्द्रमा ११४ वर्षका कर्ण धरोस रूकूम खलङगा मतदात केन्द्रमा १०५ वर्षका महिराम खड्का स्वाङ्गजा चिसापानी क्षेत्र नं. १ मतदान क्षेत्रमा १०५ बर्षिय महिलाले मतदान गरेकी थिइन् २०५६।१।६ दोश्रो चरणको मतदान निर्वाचनमा ३९ जिल्ला १०९ निर्वाचन क्षेत्रहरूमा मतदान केन्द्रमा ७३ लाख ५५ हजार १६५ मतदाताहरू थिए । जसमा ३२ हजार १०५ कर्मचारीहरू र खटिएका थिए भने २५ हजार ९ सय ७७ जना प्रहरी जवानहरू खटिएका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

संक्षिप्त परिचय

स्थापनादेखि हालसम्म

२००७ सालमा प्रजातन्त्रको उदय भएपछि शिक्षाको क्षेत्रमा रचनात्मक कार्यक्रमहरूको तर्जुमा गरी योग्य र प्रशिक्षित जनशक्तिको उत्पादन गर्ने उद्देश्यले २०१२ सालमा शिक्षक प्रशिक्षक तालिम सामग्री उत्पादन गर्ने अभिप्रायले लाजिम्पाटको चेतभवनमा एउटा मुद्रणालयको स्थापना भएको र त्यसलाई २०१३ मा पुनर्गठन गरी कलेज अफ एजुकेशन अन्तर्गत ब्युरो अफ पब्लिकेशनमा परिणत गरिएको, २०१८ सालको जेष्ठमा शिक्षा सामग्री उत्पादन केन्द्र र लेखक केन्द्रका रूपमा स्थापना भएको र २०२४ सालमा उक्त दुवै केन्द्रलाई एकीकृत गरी भक्तपुरको सानो ठिमीमा कार्यालयको स्थापना गरेर २०२४ सालमा स्वर्गीय श्री ५ महेन्द्रवाट केन्द्रको विधिवत उद्घाटन भएपछि राष्ट्रिय विभूतिको सम्झनामा केन्द्रको नाममा अगाडि "जनक" शब्द थपी जनक शिक्षा सामग्री केन्द्रको नामकरण गरियो । त्यसपछि २०२८ सालमा नयाँ शिक्षा योजनाको तर्जुमा भयो र अधिराज्यका सम्पूर्ण विद्यालय स्तरीय पाठ्यपुस्तकहरूको उत्पादन तथा विक्री वितरणको सम्पूर्ण दायित्व यस केन्द्रलाई दिइयो । यस्तो महत्वपूर्ण दायित्व बहन गरिरहेको केन्द्रलाई २०३० सालमा विकास समितिका रूपमा परिणत गरिएको ५ वर्षपछि नै केन्द्रलाई अझ प्रभावकारी वनाएर स्वसाशित एवं आत्मनिर्भर वनाउने उद्देश्यले २०३५ साल असोज ८ गते कम्पनी ऐन, २०२१ अन्तर्गत लिमिटेडका रूपमा परिणत गरिएपछि हालसम्म निरन्तरताकासाथ यस केन्द्रले मुलुकको विद्यालयस्तरीय पाठ्यपुस्तक उत्पादन एवं विक्री वितरण क्षेत्रमा आवश्यक योगदान पुऱ्याउँदै आएको छ ।

क्षेत्रीय कार्यालय

यस केन्द्रको बजार व्यवस्था विभाग अन्तर्गत विराटनगर, भरतपुर, पोखरा, नेपालगञ्ज र धनगढी गरी पाँचै विकास क्षेत्रमा क्षेत्रीय कार्यालयहरू संचालन भइरहेका छन् । जहाँवाट यस केन्द्रले उत्पादन गरेका पाठ्यपुस्तकहरू साझा प्रकाशनलाई विक्री वितरण गर्न दिइन्छ भने जनकपुरमा स्थापित सुपरिवेक्षण अनुगमन कार्यालयले अधिराज्यभरको विद्यालय/विद्यार्थी लगायत शैक्षिक तथ्याङ्क संकलनको साथै पाठ्यपुस्तक उत्पादन एवं विक्री वितरणहरूको अनुगमन गर्नेछ ।

अधिकृत पूँजी

रू. १० करोडको अधिकृत पूँजीमा कम्पनी ऐन, २०२१ अन्तर्गत गठन गरिएको यस केन्द्रको पूँजी अभिवृद्धि गरि अधिकृत पूँजी रू. ५० करोड र चालु पूँजी ४५ करोड पुऱ्याइएको छ ।

जापानी सहयोग

२०५०/०५१ को आर्थिक वर्षमा जापान सरकारको सहयोगमा यस केन्द्रको क्षमता विस्तार तथा आधुनिकीकरणका लागि करीव २६ करोड नेपाली रूपियाँ वरावरका मुद्रण उपकरणहरू प्राप्त भएर केन्द्रको नर्वानिर्मित भवनमा जडान समेत भई मुद्रणकार्य सुचारू रूपवाट संचालन भइरहेको छ ।

कच्चा पदार्थ

पाठ्यपुस्तक उत्पादनमा प्रयोग हुने मुख्य कच्चा पदार्थमा कागज, मसी र केमिकल्स नै हुन् । हाल केही वर्ष यतादेखि हाम्रै देशमा उत्पादन हुने एभरेष्ट पेपर मिल र भृकुटी कागज कारखानाको कागज विशेषतः प्रयोगमा ल्याइएको छ भने छिमेकी राष्ट्र भारत, चीन तथा अन्य तेस्रो राष्ट्रहरूवाट समेत आवश्यकतानुसार मसी, केमिकल्स, स्पेयर पार्टस आदि चाहिने मात्रामा खरिद गरी प्रयोगमा ल्याइने गरिएको छ । झण्डै १ करोड ५५ लाख थान पाठ्यपुस्तक तथा करीव ४५ लाख थान अभ्यास पुस्तिका उत्पादन गर्न ३,००० मेट्रिक टन कागज, १०,००० के.जी. मसी र अन्य विविध सामग्री निकै ठूलो मात्रामा वार्षिक रूपमा खपत हुने गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठ्यक्रम विकास केन्द्र

परिचय:

पाठ्यक्रम विकास केन्द्रको स्थापना वि.स. २०२८ सालमा भयो । यस केन्द्रमा विद्यालय निरीक्षण विकासको कार्य समेत गाभिई वि.स. २०३६ मा यसको नाम परिवर्तन भई पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र रहन गयो । हाल श्री ५ को सरकारको नयाँ संगठनात्मक ढाँचा अनुसार वि.सं. २०५० श्रावणदेखि लागू हुने गरी यस केन्द्रले विद्यालय स्तरीय पाठ्यक्रम, पाठ्यपुस्तकको विकास कार्यान्वयन र अनुगमन कार्य गर्दछ । यसको साथै प्रभावकारी शिक्षणलाई सहयोग हुने सामग्री निर्माण एवं शिक्षकलाई समय समयमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सम्वन्धी परिचयात्मक तालिमको आयोजना गरी शैक्षिक गुणस्तर अभिवृद्धि एवं कार्य गर्दछ । पाठ्यक्रम पाठ्यपुस्तकलाई सान्दर्भिक एवं व्यावहारिक वनाउन आवश्यकतानुसार परिमार्जन तथा सुधार गर्ने कार्य निरन्तर रूपमा गर्दछ ।

अवस्थिति

यस केन्द्रको कार्यालय भक्तपुर जिल्लाको सानोठिमीमा अवस्थित छ ।

केन्द्रको कार्य

केन्द्रका मुख्य कार्यहरू निम्नानुसार छन् :

१. विद्यालय तहको विषयगत पाठ्यक्रम निर्माण र विकास ।
२. विषयगत पाठ्यपुस्तक निर्माण तथा विकास ।
३. अनौपचारिक शिक्षा कार्यक्रम
४. पोषण शिक्षा कार्यक्रम
५. जनसंख्या शिक्षा कार्यक्रम
६. सन्दर्भ पाठ्यसामग्री मूल्याङ्कन तथा व्यवस्थापन ।
७. पूर्व प्राथमिक पाठ्यक्रम ।
८. अतिरिक्त कार्यकलाप
९. एस.एल.सी. तहको मान्यता तथा कमदक्षता निर्धारण ।
१०. कार्यक्रमहरूको अनुगमन ।

उद्देश्य :

यस केन्द्रका प्रमुख उद्देश्यहरू :

- विद्यालय तहको पाठ्यक्रम निर्माण, विकास, निरन्तर रूपमा सुधार तथा परिमार्जन गरी राष्ट्रिय शिक्षाको उद्देश्य परिपूर्ति गर्ने ।
- विद्यालयको शैक्षिक स्थिति सुदृढ गर्न शिक्षकका लागि आवश्यक निर्देशिका तयार गर्ने ।
- पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक मुद्रण गर्न लगाई सम्पूर्ण बालवालिकाहरूलाई पुस्तक उपलब्ध हुने गरी व्यवस्था गर्ने ।
- विद्यालय स्तरीय शिक्षण कार्यकलापलाई प्रभावकारी तुल्याउन शिक्षक, निरीक्षक एवं विशेषज्ञहरूलाई आवश्यक छोटो अवधिको तालिम एवं परिचयात्मक कार्यक्रमहरू सञ्चलन गर्ने ।
- पोषण शिक्षकका सन्देशहरू विद्यालय र समुदायमा पुऱ्याउने ।
- जनसंख्या शिक्षाका अवधारणाहरू विद्यालय तहसम्म पुऱ्याउने ।
- पूर्व प्राथमिक तहको पाठ्यक्रम र पाठ्यसामग्री निर्माण सम्वन्धी कार्य गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको औद्योगिक केन्द्रहरु

पृष्ठभूमि :

श्री ५ को सरकारले देशलाई औद्योगिकीकरणको दिशा तर्फ अघि वढाउने क्रममा अधिराज्यका विभिन्न ठाउँहरूमा औद्योगिक क्षेत्रहरूको विकास गर्दै लैजाने नीति अनुरूप २०१६ सालमा सर्वप्रथम वालाजु औद्योगिक क्षेत्रको स्थापना गरी औद्यागिक क्षेत्रको विकास कार्यको शुभारम्भ भएको थियो ।

विभिन्न भौतिक क्षेत्रहरूमा औद्योगिक विकास गराउने हेतुले देशका विभिन्न भागमा औद्योगिक क्षेत्र स्थापना गर्न श्री ५ को सरकारले आफ्नो आर्थिक श्रोतको अलावा विभिन्न राष्ट्रहरूवाट समेत सहयोग जुटाई लगानी गर्दै आएको फलस्वरूप हाल ११ वटा औद्योगिक क्षेत्रहरूको स्थापना भईसकेको छ । जसमध्ये १० वटा चालु र एउटा निर्माणाधिन अवस्थामा रहेको छ ।

औद्योगिक क्षेत्रहरूको नाम, स्थापना साल, सहयोगी राष्ट्र र वर्तमान स्थिति निम्नानुसार छ ।

नाम	स्थाना साल	सहयोगी राष्ट्र	वर्तमान स्थिति
वालाजु औद्योगिक क्षेत्र	२०१६	अमेरिका	संचालनमा
पाटन औद्योगिक क्षेत्र	२०२०	भारत	,,
हेटौडा औद्योगिक क्षेत्र	२०२९	अमेरिका	,,
धरान औद्योगिक क्षेत्र	२०२९	भारत	,,
नेपालगंज औद्योगिक क्षेत्र	२०३०	भारत	,,
पोखरा औद्योगिक क्षेत्र	२०३१	श्री ५ को सरकार	,,
वुटवल औद्योगिक क्षेत्र	२०३२	श्री ५ को सरकार	,,
भक्तपुर औद्योगिक क्षेत्र	२०३५	संघीय गणतन्त्र जर्मनी	,,
वीरेन्द्रनगर औद्योगिक क्षेत्र	२०३८	नेदरल्याण्ड	,,
धनकुटा औद्योगिक क्षेत्र	२०४१	श्री ५ को सरकार	स्थगित
राजविराज औद्योगिक क्षेत्र	२०४४	भारत	संचालनमा ।

प्रारम्भको अवस्थामा वालाजु र हेटौडा औद्योगिक क्षेत्रको संचालन नेपाल औद्योगिक विकास निगमद्वारा गरिएको थियो भने पाटन, धरान, नेपालगंज र पोखरा औद्योगिक क्षेत्रको संचालन श्री ५ को सरकार उद्योग विभागद्वारा भएको थियो । २०३१ सालमा श्री ५ को सरकारवाट औद्योगिक प्रवर्द्धन, उत्पादत्व वृद्धि र सरसल्लाह प्रदान गर्ने उद्देश्यले विकास समिति ऐन, अन्तर्गत औद्योगिक सेवा केन्द्र स्थापना गरी सम्पूर्ण औद्योगिक क्षेत्रहरूको स्थापना यस केन्द्रलाई नै हस्तान्तरण गरेको थियो ।

औद्योगिक सेवा केन्द्रको १४ वर्षको अवधिमा वुटवल, भक्तपुर, विरेन्द्रनगर (प्राइभुभर प्रोजेक्ट), धनकुटा र राजविराज गरी ५ वटा औद्योगिक क्षेत्रहरूको स्थापना भयो । जसमध्ये धनकुटा वाहेक अन्य ४ वटा सन्चलनमा आईसकेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा उद्योगहरूको सूची

१. आल्मुनियम इण्डष्ट्रिज
२. अक्वा मिनरल नेपाल प्रा.लि.
३. बालाजु अटोवर्क्स प्रा.लि.
४. बालाजु दाल उद्योग
५. बालाजु टेक्निकल ट्रेनिङ्ग सेन्टर
६. बालाजु टेक्सटाइल इण्डष्ट्रिज़ लि.
७. बालाजु यन्त्रशाला इलेक्ट्रो लि.
८. बालाजु यन्त्रशाला प्रा.लि.
९. बालाजु यन्त्रशाला स्यानिटरी प्रा.लि.
१०. भट्टचन ऱ्यापिङ्ग प्रोडक्टस् प्रा.लि.
११. विजेश्वरी प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि.
१२. विष्णु टेक्सटाइल्स प्रोसेसिङ्ग एण्ड
१३. बोटलर्स नेपाल लि.
१४. चिराग फोम इण्डष्ट्रिज प्रा.लि.
१५. क्रिष्टल ऊलन्स इण्डष्ट्रिज प्रा.लि.
१६. देवकोटा नन फेरस मेटल प्रा.लि.
१७. विद्यय इन्टेरियर्स
१८. गुहेश्वरी रोलिङ्ग मिल्स प्रा.लि.
१९. गुँरास इन्जिनियर्स प्रा.लि.
२०. हिमालय प्लाष्टिक प्रा.लि.
२१. हिमाली वेकरी प्रा.लि.
२२. हुकुम फुड्स नेपाल प्रा.लि.
२३. जयनेपाल अटो इण्डष्ट्रिज प्रा.लि.
२४. जोशी पोल्ट्री प्रा.लि.
२५. काठमाण्डौ काष्ट उद्योग प्रा.लि.
२६. काठमाण्डौ मैदा मिल्स प्रा.लि.
२७. काठमाण्डौ दुग्ध वितरण आयोजना
२८. कोहीनूर कोल्ड स्टोरेज प्रा.लि.
२९. महाशक्ति कोल्ड रिट्रेनिङ्ग प्रा.लि.
३०. मार्डन प्याकेजिङ्ग इण्डष्ट्रिज प्रा.लि.
३१. मानोज अफेसट प्रेस प्रा.लि.
३२. ने.वि.को प्रा.लि.
३३. नेपाल व्याट्री कम्पनी प्रा.लि.
३४. नेपाल डिष्टिलरी प्रा.लि.
३५. नेपाल फिड प्रोडक्टस् प्रा.लि.
३६. नेपाल फिल्म विकास कम्पनी लि.
३७. नेपाल ग्याँस उद्योग प्रा.लि.
२८. नेपाल अर्गानो रबर प्रा.लि.
२९. नेपाल पाईप इण्डष्ट्रिज प्रा.लि.
३०. नेपाल पोलिथिन एण्ड प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि.
३१. नेपाल पोल्ट्री प्रा.लि.
३२. नेपाल सिल्क इण्डष्ट्रिज
३३. नेपाल टेन्ट एण्ड टापोर्लिन प्रा.लि.
३४. न्यू टी मिओन प्रा.लि.
३५. प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि.
३६. रानी प्रिन्टिङ्ग प्रेस
३७. रत्न फिड इण्डष्ट्रिज प्रा.लि.
३८. रिलाइवल प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि.
३९. रोली गार्भेन्टस् प्रा.लि.
४०. समृद्धि वायर इण्डष्ट्रिज प्रा.लि.
४१. श्रीराम रबर इण्डष्ट्रिज
४२. सोया मिल्स
४३. सृदर्शन निर्माण सामग्री उद्योग
४४. सुन्दर फर्निचर (कान्तिपुर) प्रा.लि.
४५. दुगड अटो क्लिनिक्
४६. इन्द्रेणी केमिकल्स एण्ड एलाइड इण्डष्ट्रिज प्रा.लि.
४७. जिन्दल शु प्रा.लि.
४८. कृती टेक्सटाईल्स प्रा.लि.
४९. मल्टी फुड इण्डष्ट्रिज प्रा.लि.
५०. पायोनियर मेटल इण्डष्ट्रिज प्रा.लि.
५१. भृकुटी मेटल इण्डष्ट्रिज प्रा.लि.
५२. इन्द्रेणी पाईप उद्योग
५३. डोल्मा वाच कम्पनी लि.
५४. जोरगणेश प्रेस प्रा.लि.
५५. कालिका उद्योग प्रा.लि.
५६. नेपाल फुटवेयर प्रोडक्टस् प्रा.लि.
५७. नेपाल नेल इण्डष्ट्रिज
५८. नेपाल पेन्सिल एण्ड एलाईड एण्ड प्रा.लि.
५९. नेपाल ऊल वर्क्स
६०. पेपर पल्प वोर्ड
६१. प्रकाश पेच किला उद्योग
६२. पूर्ण मेटल इण्डष्ट्रिज प्रा.लि.
६३. तिम्ला मेटल कम्पनी प्रा.लि.
६४. यूनाइटेड केमिकल इण्डष्ट्रिज
६५. यति टेक्सटाईल्स प्रा.लि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काठमाण्डौ नगर बिकास

एक झलक :

काठमाण्डौ महानगरपालिका तत्कालिन समयमा सरसफाई अड्डा वि.स. १९७६ सालमा स्थापना भंएको तत्कालिन समयतिर पनि घर निर्माण, मर्मत, घर, करेसा, कम्पाउण्ड, छर-छिमेकी इत्यादीहरूलाई कुनै वाधा नपर्ने गरी घेराउ गर्ने परम्परा नियम अनुशासन भएतापनि वि.स. २०४० साल अगाडी नगर क्षेत्रमा वडा पंचायतका अध्यक्ष गा.वि.स. मा सदस्य वा प्रधानपञ्च वा सम्वन्धित अधिकारी मान्यजनको रोहवरमा घर इत्यादी निर्माण मर्मत हकभोकको जग्गा जमीन घेराउ गर्न पाएपनि नेपाल अधिराज्यको मापदण्ड ऐन, नगर विकास वा गाउँ विकास क्षेत्रहरूमा विभिन्न श्री ५ को सरकारमा पर्न जाने एवं सर्व-साधारणहरूलाई पर्न जाने समस्याहरूलाई श्री ५ को सरकारले नगर विकास ऐन लागु गरी नगर विकासको ऐन कानूनलाई उल्लघंन गर्न नपाउने गरी नियमपूर्वक स्वीकृति प्राप्त अनुसार घर निर्माण मर्मत कम्पाउण्ड घेराऊ गर्न पाइने नियम कानून वनेको यस नगरपालिका प्रमुखहरूको भनाई छ । हालसम्म १ नं. वडा देखि ३५ नं. यस काठमाण्डौ भ्यालीको नयाँ घर निर्माणको नक्सा प्रमाण पत्र दर्ता यसप्रकार देखिएको छ :–

श्रावणदेखि ०३९-४० आषाढ सम्मको	२६३४
२०४०-४१	२८७६
२०४१-४२	२७४६
२०४२-४३	२४३०
२०४३-४४	२०७४
२०४४-४५	२३१५
२०४५-४६	२५३७
२०४६-४७	३१५४
२०४७-४८	४८०१
२०४८-४९	४३६०
२०४९-५०	४२२७

वडा नं. ३५ सम्म

०५०।५१ - ५१०७ + २०९४

०५१।५२ - ४२०३

०५३।५४ - ३२३०

०५४,५५ - २७१५

०५५।५६ - ५५६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिंहदरवार वैद्यखाना विकास समिति

एक चिनारी :

आयुर्वेद चिकित्सा प्रणाली नेपाली जन-जीवनसँग परापूर्व कालदेखि भिज्दै आएको विश्वको प्राचीन चिकित्सा पद्धति हो । प्राकृतिक भू-वनौट अनुसार नेपालमा हजारौ किसिमका जडीबुटीहरू विद्यामान रहेकोले प्राचीन कालदेखिनै औषधिको रूपमा तिनको प्रयोग गरिदै आएको पाईन्छ । हाल आएर विश्व स्वास्थ्य संघले "सबैका लागि स्वास्थ्य" भन्ने नारा राखी यसको निम्ति आ-आफ्नो देशका परम्परागत चिकित्सा प्रणालीद्वारा स्थानीय स्रोत-साधन परिचालन गरी स्वास्थ्य सेवा पुऱ्याउने नीति वनाएको कारणले विश्वव्यापी रूपमा आयुर्वेद चिकित्सा तथा जडीवुटी माथि व्यापक खोज-अनुसन्धान भैरहेको छ ।

रोगीहरूको रोगको उपचारका निम्ति आवश्यक पर्ने औषधीहरूको निर्माणको क्षेत्रमा देशको प्राचीनतम् संस्थाको रूपमा विद्यमान सिंहदरवार वैद्यखाना मल्लकालमा राजा प्रताप मल्लको पालामा हनुमान ढोका दरवारमा स्थापित भएको र पछि राणा प्रधानमन्त्री जंगबहादुरले थापाथलीमा सारी पुनः जुद्ध शम्शेरको पालामा थापाथलीबाट सिंहदरबारमा ल्याइएको थियो । त्यसवेलासम्म यहाँवाट उत्पादित वहुमूल्य औषधीहरू केवल राजदरवार र प्रधानमन्त्रीहरूका लागि मात्र उपलब्ध हुने व्यवस्था थियो ।

"यस्य देशस्य यो जन्तुस्तज्जं तस्यौषधं हितम्" भन्ने सिद्धान्त अनुरूप परापूर्व कालदेखि नै सम्पूर्ण जनताको स्वास्थ्य संरक्षण एवं रोग निवारणमा सफलतापूर्वक महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका यस पवित्र हिमखण्डका उत्कृष्ट जडीबुटीहरू लगायत मुख्य रूपमा स्वदेशमा उपलब्ध स्रोत साधनहरूको सदुपयोगद्वारा आयुर्वेदले जनस्वास्थ्यको क्षेत्रमा उल्लेखनीय योगदान दिदै आएको छ । प्रजातन्त्र स्थापना पछि २००९ साल देखि श्री ५ त्रिभुवनबाट हुकुम बक्स भए अनुसार यस सिंहदरवार वैद्यखानावाट निर्मित आयुर्वेदीय औषधीहरू सर्वसाधरण सबैका लागि उपलब्ध हुने व्यवस्था भयो । तत्पश्चात् २०१६/१७ सालदेखि अधिराज्यभरका सम्पूर्ण सरकारी आयुर्वेद औषधालयहरूमा निःशुल्क वितरणार्थ समेत यस वैद्यखानाले औषधीहरू निर्माण गरी पठाउन लाग्यो । यसरी सदियौंदेखि शास्त्रीय ढंगवाट भरपर्दा आयुर्वेद औषधीहरू निर्माण गर्दै आएको सिंहदरवार वैद्यखानालाई श्री ५ को सरकारले हाल आएर देशभित्र र बाहिर समेत गुणस्तरयुक्त आयुर्वेद औषधीहरूको वढ्दो माग पूर्ति गर्न अझ सुदृढ, सक्षम एवं गुणस्तरयुक्त वनाउने उद्देश्यले गठन आदेश २०५१ अनुसार "सिंहदरवार वैद्यखाना विकास समिति" को रूपमा परिणत गरेको छ । आयुर्वेद औषधीहरू सर्वसुलभ वनाउने उद्देश्यले २०५५ श्रावण १ गतेदेखि थोक औषधी विक्रेताहरूलाई थप सुविधा दिई औषधी उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

यसका प्रमुख उद्देश्यहरू:::

१. देशभित्र उपलब्ध तथा अन्य औषधी-द्रव्यहरूको अधिकारिक सदुपयोग गरी सुरक्षित, प्रभावकारी तथा गुणस्तरयुक्त, शास्त्रीय एवं तरकीव (पेटेण्ट) आयुर्वेद औषधीहरू उत्पादन गर्ने ।

२. गुणस्तरयुक्त आयुर्वेद औषधीहरूको उत्पादन गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा उचित मूल्यमा विक्री वितरण र प्रचार प्रसार गर्ने ।

३. हिमाली, पहाडी र तराई क्षेत्रमा कम्तिमा १० १० विगाहा जग्गा उपलब्ध गरी आफ्नै नमूना जडीवुटी उद्यान लगाउने (खेती गर्ने) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जडिबूटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

देशमा विद्यमान सुगन्धयुक्त तथा औषधीयुक्त जडिवूटीहरू व्यापारिक रूपमा परिचालन गर्न श्री ५ को सरकारको स्वामित्वमा यस कम्पनीको स्थापना भएको हो ।

अधिकृत पूँजी : रू. ५ करोड
अधिकृत पूँजी : रू. ३ करोड ८६ लाख
चुक्ता पूँजी : रू. २ करोड ७५ लाख १७ हजार
ऋण : रू. ४ करोड ९३ लाख ४९ हजार
शेयर होल्डरहरू :

(क) श्री ५ को सरकार ८०.७३%
(ख) श्री वन पैदावार विकास समिति ३.३७%
(ग) श्री शाही औषधी लि. ३.३७%
(घ) श्री कृषि विकास वैंक २.८९%
(ङ) श्री जन साधारणमा विक्रीहुने शेयर ९.६४%

केन्द्रीय कार्यालयः कोटेश्वर, काठमाण्डौ ।
शाखा कार्यालय एवं जुडिवुटी फारामहरू :-

(क)	तामागढी वारा	(ख)	वेलवारी मोरंग
(ग)	तरहरा सुनसरी	(घ)	नेपालगंज बाँके
(ङ)	टिकापुर कैलाली	(च)	महेन्द्रनगर कंचनपुर

उद्देश्यहरू :

देशमा पाइने प्राकृतिक महत्वपूर्ण जडिवुटीको परिचालन एवं जगेर्ना गरी राष्ट्रलाई र यस क्षेत्रमा संलग्न व्यक्तिहरू समेतलाई आर्थिक लाभ पुऱ्याउन निम्न कार्यक्रमहरू सञ्चलन गर्ने :

(क) कोरा जडिवूटी संकलन तथा प्रशोधन गर्ने ।
(ख) निजी क्षेत्रलाई सहभागी वनाई जडिवूटी खेती तथा प्रशोधन गर्ने ।
(ग) यथासम्भव प्रशोधित जडिवूटीहरूको निकासी व्यापार गर्ने ।
(घ) देशको हावापानी सुहाउँदो जडिवुटीहरूको खेती गर्ने ।
(ङ) यस क्षेत्रका स्वदेशी उद्योगलाई कच्चापदार्थ जुटाउने तथा प्रशोधित निर्यात व्यापार वृद्धि गरी देशको आयात प्रतिस्थापन गर्न राष्ट्र नीतिमा टेवा पुऱ्याउने ।
(च) यस पेशालाई व्यापक वनाई दुर्गम क्षेत्रका जनतालाई समेत सहभागी वनाई रोजगारीका अवसर वृद्धि गर्ने ।

आ.व. ०५३।५४ मा जडिवुटी सार उत्पादन तथा विक्री वितरण :

		प्रशोधित निकासी : (सुगन्धित तेल, रोजीन तथा तार्पिन तेल)
भारत	१०८ टन	५५,०६,०१३।-
समुन्द्रपार	४ टन	५३,७०,३२४।-
	११२ टन	१,०८,७६,३३७।-
स्वदेशमा खपत	१६६ टन	१,१४,००,५६७।- विदेशमा मुद्रा आर्जन १ लाख डलर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल बाल संगठन सम्बन्धी सामान्य जानकारी

१. स्थापना : वि.स. २०२१ सालमा

२. वालवालिका संख्या : बालगृह नक्साल — २०० जवान (केटा/केटी)

वाल व्यवसायी केन्द्र सिफल — ८० जना (केटा)

धनगढी (कैलाली) वालगृह — ३५ जना (केटा/केटी)

सर्लाही अनाथ आश्रम — २६ जना केटा/केटी)

३. भर्ना किसिम :

१) सडकमा वेवारिसे अवस्थामा कलिएका वालबालिकाहरूलाई प्रहरी कार्यालयको सिफारिसमा ।

२) अस्पतालमा जन्मि आमाले वेवारिसे रूपमा छाडी भागीं गएको अवस्थामा अस्पतालको सिफारिसमा ।

३) बालबालिकाको व्यक्तिगत विवरण परिवारको वारेमा थाहा भएमा वालबालिकाको आमा बुवाको मृत्यू भएमा अर्थात आमा वा बुवाको मृत्यू भई लालन पालन गर्ने व्यक्ति गतेदार सम्पती तथा आमा शारिरीक मानसिक एवं आर्थिक हिसावले कमजोरी असहायक भएमा निम्न अनुसारको कागजपत्र पेंश गर्नु पर्नेछ ।

१) आमा बुवा वा आमा बुवामध्ये कुनै एकको अर्थात दुवैको मृत्यु भएमा मृत्यु दर्ता प्रमाण पत्र (सक्कलै)

२) जन्म दर्ता प्रमाण पत्र ।

३) स्थानीय गा.वि.स. को सिफारिस पत्र

४) स्थानीय प्रहरी कार्यालयको सिफारिस पत्र

५) सम्वन्धित जिल्लाको जिल्ला प्रशासनको सफारिस पत्र

६) सम्वन्धित जिल्लाको जिल्ला वालमन्दिरको सिफारिस पत्र

७) शारिरीक, मानसिकले स्वास्थ भएको ।

८) धर्म पुत्र/पुत्रीमा जान सकिने वा नसकिने वारेको मुचुल्का ।

९) वालवालिका ६ वर्ष भन्दा मुनिका हुनुपर्ने ।

४. १) धर्म पुत्र/पुत्री दिने प्रकृया धर्मपुत्री लिने व्यक्तिको पासपोर्टको प्रतिलिपी (प्रमाणित)

२) धर्म पुत्र/पुत्री तीन व्यक्तिको सम्पति वैंक व्यालेन्स वितरण । आम्दानी खर्चको विवरण । सामाजिक प्रतिष्ठा सम्वन्धीको प्रमाण । चारित्रीक प्रमाणपत्र विवहा दर्ता प्रमाण पत्र । जन्म दर्ता प्रमाण पत्र । सम्वन्धित देशको अधिकार प्राप्त संस्था वा नियकायको स्वीकृति पत्र । सम्वन्धित नेपाल स्थित राजदुतावासको सिफारिसपत्र, यस संगठनसंग सम्वद्ध एजेन्सीको सिफारीसपत्र नेपालको कन्सुलर आदि पेश गरेपछि सो कागजपत्रहरू नेपाल बाल संगठन समाज कल्याण मन्त्रालय, गृह मन्त्रालय, परराष्ट मन्त्रालय, कानून तथा न्याय मन्त्रालयद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

...Sangeeth Funding: MIDF

गठित कमिटीवाट धर्मपुत्रपुत्रीमा दिने भन्ने सिफारीस श्री ५ को सरकार महा-न्याधिवक्ताको कार्यालयद्वारा गठिन कमिटीमा पेश गर्नुपर्नेछ । श्री ५ को सरकारद्वारा गठिन कमिटीले पनि पूनः गृह मन्त्रालयमा सिफारिस गरी पठाउने छु । अन्तिम निर्णय गृह मन्त्रालयबाट हुनेछ ।

५. धर्मपुत्रपुत्री गएको देश : हालसम्म धर्मपुत्रपुत्रीहरू जाने देश : फान्स, स्पेन, इटाली, नेदरल्याण्ड, डेनमार्क, अमेरिका, स्वीजरल्याण्ड, नर्वे आदी ।

६. धर्मपुत्रपुत्रीमा जाने संख्या : वार्षिक सरदर २५ जना

७. निकट भविष्यमा काभ्रे जिल्ला स्थित स.क.के. पाँचखालमा सुस्तमनस्थिति गृह र भीमफेदी मकवानपुरमा वालगृह खोल्न लागेको ।

८. यस संगठनको जि.वि.स. वालमन्दिर ७५ जिल्लामा छन् ।

९. सवै पदाधिकारीहरू संगठनको विधान वमोजिम नियोजन प्रकृया अपनाएर आउनेछ ।

नेशनल ट्रेडिंग लिमिटेड

परिचय :

श्री ५ को सरकारको पूर्ण स्वामित्वमा सरकारी क्षेत्रमा सक्षमता पूर्वक व्यापार सञ्चलन गर्ने संस्थाको रूपमा नेशनल ट्रेडिङ्ग लिमिटेड २०१८ साल चैत्र १ गतेका दिन नेपाल कम्पनी कानुन अन्तर्गत स्थापना भएको ।

यस संस्थाले जनवादी गणतन्त्र चीन तथा सोभियत संघवाट कार्यान्वयन गरिएका विकास आयोजनाहरूको लागि चाहिने स्थानीय खर्च उपलव्ध गराउन यी मुलुकहरूवाट वस्तुगत सहायकता अन्तर्गत प्राप्त सामानहरू स्थानीय बजारमा विक्री कार्य गर्नु थियो । यस संस्था स्थापना हुनु भन्दा पहिले यो काम श्री ५ को सरकारको वणिज्य विभागबाट हुने गर्दथ्यो । राष्ट्रिय अर्थतन्त्र तथा जनताका अत्यावश्यक वस्तुहरूको बढ्दो माग सुचारू रूपले तथा उचित मूल्यमा पूरा गर्न नेशनल ट्रेडिङ्ग लि. एउटा राष्ट्रिय व्यापार निगमको रूपमा स्थापना भएको हो । आन्तरिक वजारको मूलय स्थिर राख्न तथा आपूर्ति नियन्त्रित गर्न निर्माण सामग्री औद्योगिक कच्चापदार्थ, औजार उपकरण र उपभोगका सामानहरूको कारोवार यस संस्थावाट गरिएको छ । नेशनल ट्रेडिङ्ग लि. ले विभिन्न मुलुकहरूसंग आयात तथा निर्यात गरी राष्ट्रको व्यापार विविधिकरण गर्ने प्रयासमा निश्चय नै टेवा दिएको छ ।

ने.ट्रे.लि. केन्द्रीय कार्यालयमा कूल १७००० मे. टन क्षमतामा आधुनिक गोदाम घरहरू छन्

राष्ट्रको प्रमुख व्यापारिक संस्थाको हैसियतले नेशनल ट्रडिङ्ग लि. लाई देशको आर्थिक विकासको लागि वैदेशिक व्यापारको कार्यमा संलग्न गराइएको छ । यी लक्ष्य परिपूर्तिको लागि नेशनल ट्रेडिङ्ग लि. ले हाल निम्नलिखित उद्देश्य राखेको छ :

(१) देशको लागि आवश्यक निर्माण तथा विकास सामाग्री र औद्योगिक कच्चापदार्थ देश भित्रैबाट खरीद गरी वा आयात गरी आपूर्ति नियमित गरी मूल्यमा यथाशक्य स्थिरता कायम गर्ने ।

(२) सर्व साधारण जनजीवनको लागि अत्यावश्यक उपभोग्य वस्तुहरू आयात गरी आपूर्ति वृद्धिद्वारा मूल्यमा स्थिरता कायम गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE-IKS

नेपाल रेडक्रसको शुभारम्भ

वि.स. २०२० साल भदौ १९ गते नेपाल रेडक्रसको निम्ति ऐतिहासिक दिन हो । यसै दिन श्री ५ को सरकार स्वास्थ्य मन्त्रालयको आव्हानमा विभिन्न व्यक्ति र संस्थाका प्रतिनिधिहरूको एक सभा भएको थियो । काठमाण्डौ सिंहदरवारको कैलाशमा तत्कालीन स्वास्थ्यमन्त्री डा. नागेश्वरप्रसाद सिंहको सभापतित्वमा वसेको सो सभाले नै श्री ५ अधिराजकुमारी प्रिन्सेप शाहको अध्यक्षतामा नेपाल रेडक्रस तदर्थ समिति गठन गरेको थियो ।

नेपाल रेडक्रसको विधान पनि तयार गरियो । दुइवटा महत्वपूर्ण कार्य सम्पन्न भई सकेपछि यसैगरी नेपाल रेडक्रसको निम्ति ८ मे १९६४ पनि अविस्मरणीय दिन हुन गयो । त्यस दिन स्वर्गीय श्री ५ महेन्द्र त्रिपुरेश्वर स्थित नेपाल रेडक्रसको सानो कार्यालयमा सवारी भई पीडित मानवताको सहायतार्थ रक्तदान गरिवक्स्यो । यसरी मौसुफ सरकारवाट नेपाल रेडक्रसद्वारा संचालित रक्तदान अभियानको शुभारम्भ गरिवक्स्यो ।

यसै गरी नेपाल रेडक्रसको क्षेत्रीय विकासमा समन्वय गर्ने उद्देश्यले पूर्वाञ्चल क्षेत्रीय समन्वयन समिति, मध्यमाञ्चल क्षेत्रीय समन्वय समिति, पश्चिमाञ्चल क्षेत्रीय समन्वय समिति, मध्यपश्चिमाञ्चल क्षेत्रीय समन्वय समिति र सुदूरपश्चिमाञ्चल क्षेत्रीय समन्वय समिति गठन गर्न सकिने प्रावधान अनुसार समन्वय समितिहरू गठन गरिएका छन् ।

नेपाल जुनियर युवा रेडक्रस

अधिराज्यका २,४५२ विद्यालय तथा महाविद्यालयका जुनियर /युवा रेडक्रस सर्कलहरूमा गरी ४ लाख ५० हजारभन्दा वढी युवा सदस्यहरूले रेडक्रसको झण्डामुनि, जीवनरक्षा तथा स्वास्थ्यसुरक्षा, पारस्परिक सेवा,, अन्तर्राष्ट्रिय मित्रता र रेडक्रस ज्ञान तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रसार प्रसार गर्नेजस्ता मूलभूत उद्देश्य बोकेर सङ्गठित रूपमा आफ्नो कार्यक्रमहरूलाई अगाडि वढाइरहेका छन् ।

नेपाल रेडक्रसको विकास हुँदै आइरहेको थियो । यसैबीच स्वर्गीय श्री ५ महेन्द्रबाट संघीय गणतन्त्र जर्मनीबाट राजकीय भ्रमण सम्पन्न भएको थियो । त्यस यात्राको समयमा नेपाल रेडक्रसका निम्ति ४ वटा एम्वुलेन्स गाडी मौसुफ उपहारस्वरूप प्रदान गरिएको कुरा उल्लेखनीय छ । स्वर्गीय श्री ५ वाट ती एम्वुलेन्स रेडक्रसका अध्यक्षलाई हस्तान्तरण गरिवक्स्यो ।

सन् १९५९ तिर नवस्थापित रेडक्रसको काँधमा एउटा महत्वपूर्ण तर जटिल अभिभारा आइपऱ्यो । नेपालमा आएका तिव्वती शरणार्थीहरूको आवश्यक बसोबासको प्रवन्ध गर्ने काममा रेडक्रस अग्रसर हुनुपऱ्यो । तिव्वती शरणार्थीहरूको व्यवस्था नेपालको निम्ति एउटा समस्या र चुनौतीको रूपमा अगाडि आएको थियो । नेपालका विभिन्न ठाउँमा तिव्वती शरणार्थीहरूको निम्ति शरणार्थी बस्तीहरूको निर्माण गर्ने कार्य नेपाल रेडक्रस मार्फत संयुक्त राष्ट्रसंघको शरणार्थी सम्वन्धी आयोगले प्रारम्भ गऱ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

नेपालमा भएका अपाङ्ग इतिहासको झलक

काठमाण्डौ डिल्लीवजार वासिन्दा खगेन्द्र बहादुर बस्नेत राणा शासनकालतिर पनि निकै धनवान र शिक्षा आदीमा पनि निकै ज्ञानी कहलाएका थिए । उनी खेलकुद तर्फ सौखिन भएका कारण भारतको राज्यमा शिक्षा र खेलकुद तर्फ अध्ययन गर्दा कलकत्ता फुटवल टोलीहरूसंग सम्मिलित भई खेल मैदानमा खेलको प्रतिस्पर्धा वीच निकै चोट लागि निकै उपचार गराउँदा पनि आफु अपाङ्ग भएका कारण म जस्तो केहि मात्रामा धनवानले त अपाङ्ग भै वाँच्नु पर्‍यो दुनियाँको के गति भएको होला भनी अनुभवमा वि.सं. २०२६ सालमा खगेन्द्र नव जीवन केन्द्र नेपाल अपाङ्ग संघको स्थापना भएको इतिहासले वताउँछ ।

विश्व स्वास्थ संगठनको प्रतिवेदनमा विश्वमा ५० करोड अपाङ्गहरू रहेका छन् त्यसमध्ये ३० करोड विकासोन्मुख मुलुकमा मात्र रहेको पाइन्छ । तथ्याङ्क अनुसार विश्वमा महिला अपाङ्गहरूको संख्या ३२% अर्थात १६ करोड र वालवालिकाको संख्या १४ करोड रहेको पाइन्छ । उक्त संगठनको अनुसार नेपालमा कुल जनसंख्याको १०% अर्थात २० लाख अपाङ्गहरू रहेका छन् त्यस मध्ये ९३% गाउँघरमा वस्छन् । उनीहरू अधिकांश गरीव परिवारका छन् । अपाङ्गहरूको संख्या पहाडमा ५६% र तराईमा ४४ प्रतिशत रहेको पाइन्छ । नेपालमा भएका २० लाख अपाङ्गमध्ये ३४.४% शारिरीक अपाङ्ग भएको अनुमान गरिएको छ र कुनै कतथ्याङ्कमा २७ लाख पनि भनाई पाइन्छ । युनिसेफको सर्भेक्षण अनुसार ५५.२६% अपाङ्गहरू लाभदायक कार्यमा लागेका छन् । (तालीम, कृषि, स्वआर्जन गर्ने कार्य) भने ४४.७४% काम गर्न सक्ने अवस्थामा छैनन् । कुल १०% अपाङ्गहरूमध्ये ९५,००० (पन्चानव्वे हजार) वालवालिकाहरू विद्यालय जाने उमेरका छन् । त्यसमध्ये नेपालमा ९,००० अपाङ्गहरूले मात्र शिक्षाको अवसर प्राप्त गरेका छन् । तालीम प्राप्त गरी पुर्नस्थापनको अवसर प्राप्त गर्ने अपाङ्गहरूको संख्या भने नगण्य छ । (Severely) अपाङ्गता र बहु अपाङ्गता भएको अपाङ्गहरूको लागि भने कार्यक्रम शुरू हुन सकेको छैन । विशेष शिक्षा परिषदवाट विभिन्न संघ संस्थाद्वारा संचालित ३३ वटा विद्यालयहरूलाई विशेष शिक्षा कार्यक्रम संचालन गर्न अनुदान रकम उपलव्ध गराईन्छ । अन्य २६ वटा विद्यालयहरूको व्यय भार संस्थाहरूले नै वेहोरेका छन्, दिवा तथा आवासीय विद्यालय संचालन गरी अपाङ्गहरूलाई विशेष शिक्षा तथा व्यवसायिक तालिमको सुविधा उपलव्ध गराई पुर्नस्थापना गर्ने गरिएको छ । यस्ता विद्यालयको संख्या ११५ भंन्दा माथि भएको अनुदान गरिएको छ । श्री ५ को सरकार विशेष शिक्षा इकाईद्वारा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना मार्फत कुल २३ जिल्लाका ११७ विद्यालयद्वारा प्राथमिक स्तरमा विशेष शिक्षा कार्यक्रम संचालन गरिएको छ । तर उक्त परियोजनाले शारीरिक अपाङ्गहरूको लागि विशेष शिक्षा कार्यक्रमको आवश्यकता महसुस गरेको छैन ।

नेपाल अपाङ्ग संघद्वारा संचालित विभिन्न कार्यक्रमहरूमा सहयोग पुऱ्याउने राष्ट्रिय तथा <u>अन्तर्राष्ट्रिय क्षेत्रका दाता तथा दातृ संस्थाहरू</u> : महिला तथा समाज कल्याण मन्त्रालय तथा शिक्षा मन्त्रालय विशेष शिक्षा परिषद र समाज कल्याण परिषद तथा अन्तराष्ट्रिय दातृ तथा दाताहरू निम्न प्रकार छन् :

- १० वर्ष मुनिका अपाङ्ग, अनाथ वच्चाको संस्था संचालनकर्ता - Austria (SOS)
- अशक्त तथा शारिरीक अपाङ्गहरूको सेवा कार्य - राइटर चेम्वर (मिशन इग्ल्याण्ड)
- स्वास्थ्य सम्वन्धी सहयोग - (Orthopadic Hospital) वेल्जियमको व्यक्तिगत दाता लुकसालेस
- सी.वी.आर. कार्यक्रम - सिया एन.एच.आर. स्वीडेन ।
- अपाङ्गहरूको खेलकुद सम्वन्धी सहयोगमा (पेसेफिक गेम्स भाग लिन) जापान Industries सहयोग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

पेशागत आन्दोलन र कर्मचारी संगठनको विकासक्रम

पृष्ठभूमि :

- सर्वप्रथम पेशागत रूपमा कर्मचारीहरूको संगठन खोल्ने अधिकार सन् १९०१ मा फ्रान्समा प्राप्त गरेका हुन् । तत्पश्चात् बेलायत- १९०६, अमेरिका- १९१२ मा संगठन गर्ने अधिकार प्राप्त । नेपालमा वि.सं. २००७ साल पूर्व कर्मचारीहरू संगठित वन्ने अधिकारवाट पूर्णतः वञ्चित नै रहे ।

वि.सं. २००७ साल पूर्व

- वि.सं. २००७ साल पूर्व सुव्वा कृष्णलाल अधिकारी तथा ऋषिभक्त उपाध्याय जस्ता पेशागत हितप्रति सजग र सचेत कर्मचारीहरूले लुकीछिपी "एकादशी सभा" (जो झट्ट हेर्दा धार्मिक कार्य जस्तो लाग्दथ्यो) को नामवाट कर्मचारीहरू पेशागत हक हितप्रति सचेत गराउने प्रयत्न ।
- २००३ साल फागुन २० गतेवाट विराटनगरमा शुरू भएको मजदुर आन्दोलनको सिलसिलामा निर्मित "अखिल नेपाल ट्रेड यूनियन कांग्रेस" मजदुरको पहिलो संगठित संस्था ।

वि.सं. २००७ सालदेखि २०४६ सालसम्म

- २००७ साल माघ ४ गते श्रीपञ्चमीको दिन महेश्वरमान छोचुको नेतृत्वमा "अखिल नेपाल न्यून वैतनिक कर्मचारी संघ" को स्थापना ।
- यस संघले २००८ साल जेष्ठमा संघको वैधता, नयाँ तलवमान, कर्मचारीलाई राष्ट्रसेवकको सम्मान, पेन्सन, उपदान र पव्लिक सर्भिस कमिशनको माग प्रस्तुत ।
- २००९ साल जेष्ठ १९ गतेदेखि ४ दिनसम्म हडताल । धैरै कर्मचारीको खोसुवा ।
- २००९ सालमा अखिल नेपाल न्यून वैतनिक कर्मचारी संघमाथि प्रतिवन्ध ।
- नेपाल नर्सिङ्ग संघ २०१८ र नेपाल प्राध्यापक संघ २०१९ मा स्थापना भएको भएता पनि वि.सं. २०३६ सालसम्म संघ संगठनहरू खोल्ने अधिकारवाट वञ्चित ।
- २०३६ सालपछि नेपाल राष्ट्रिय शिक्षक संगठन, प्यारामेडिकल एशोसिशएन, ओभरसियर एशोसिएशन, नेपाल वार एशोसिएशन आदिको जन्म ।
- २०३९ श्रावणमा कर्मचारी समन्वय समितिको नामवाट पर्चा अपील एवं पुस्तक आदिको प्रकाशन ।

वि.सं. २०४६ साल अघि

- वि.सं. २०४६ सालको प्रजातान्त्रिक आन्दोलनमा कर्मचारी समेतको सहभागिता, (चैत्र १८ गते कलम वन्द र चैत्र २४ गते जुलुसमा सहभागिता) ।
- २०४६ चैत्र २६ गते कर्मचारी संगठन स्थापनाको लागि पहिलो छलफल (मोहन बहादुर के.सी. को संयोजकत्वमा ५ सदस्यीय भेला आयोजक समिति गठन) ।
- २०४६ चैत्र ३१ गते बबरमहल (काठमाण्डौ) को दशौं हजारको भेलाले २०४७ बैशाख ७ गते सबै कार्यालयहरू (संवैधानिक अंग, मन्त्रालय, विभाग समेत) को प्रतिनिधित्व हुने गरी केन्द्रीय तदर्थ समिति वनाउने घोषणा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा प्रवेश भएका मुश्लिम नागरिकहरू

राजा रत्नमल्लका राज्यकालमा भारतबाट केहि मुश्लिमहरूको एक टोली दफा आफ्नो खान पिन, विश्राम इत्यादीहरूमा अति आवश्यक वस्तु चामल, पिठो, दाल पकाएर खाने भाडा वर्तन, राती सुत्न ओड्ने ओछ्याउनेहरू साथ लिई नेपालको दक्षिण तर्फवाट काठमाण्डौ भ्याली आउन खोज्दा भ्यालीका सवै जनता आतंक भई सवैजना मिली हो-हल्ला भएको थियो र त्यो खवर राजा रत्नमल्लको दरवारमा पुग्यो । सवै जनताहरूले भारत देशवाट एक फौज मिली काम्ला कुटिला लिई काठमाण्डौ शहरमा पसेका छन् भनि राजालाई विन्ती चढाउँदा राजाले ति सवै फौजलाई दरवारमा वोलाई राजाले मित्रहरू तपाईहरू के कति कारणले नेपालमा आउनु भएको हो ? भन्ने प्रश्न गर्दा, प्रश्नको जवाफमा उनिहरूले भने, हामीहरू भारतवाट आएको मुश्लिम जातिहरू हौं । हामी नेपालमा व्यापारिकको दृष्टिकोणले आएको हौं, हामी कुनै अनेत्र सोचेर आएका होइनौं भनि राजालाई प्रश्नको उत्तर दिदां, राजावाट त्यसो भए मित्रहरू तपाईहरू राज्यभरी आ-आफ्नो ईच्छा मुताविक जुन ठाउँमा पनि आफ्नो धर्म देवालयहरूको स्थापना गरी वसोवास गर्नु सक्नुहुन्छ भनि त्यो सवै नेवारे शव्दहरूमा आज्ञा भएको थियो र त्यसवेला देखि मुश्लिमहरू नेपालमा वसोवास गरेको र त्यस मध्येका मुश्लिमहरू गोरखा र त्रिशुली तर्फ पनि लागेका थिए ।

नेपालमा प्रवेश भएका मित्र माड्वारी नागरिकहरू

नेपालमा शाह वंशका राज्यशासन कालदेखि भारतमा व्रिटिश सरकारको राज्य शासन कालमा नेपालमा भारतीय राजदुतावासको स्थापना भयो । त्यस वेलादेखि नेपाललाई चाहिने अति आवश्यक खाद्य एवं अन्य इत्यादी मोटर, रेल गाडी, लत्ता कपडा, औषधी यावतहरूको पइचो र मुफ्त दिनेलिने दुवै देशविच सहयोगको आदान-प्रदानको हस्त मित्रता भएपछि भारतीय सिमानाको नजिक नेपाल राज्य सिमाना भित्र सर्वप्रथम विरगञ्ज भैरहवा, जनकपुर, जलेश्वर, विराटनगरहरूमा माड्वारी व्यापारी दृष्टिकोणमा नेपाल प्रवेश गरेको भनाई छ । माथि उल्लेखित यसको पहिला पनि इत्यादी वस्तुहरू भारतवाट नेपाल नआएको होइन तर मौखिक र साधारण व्यक्तिहरूवाट मात्र निर्यात हुन्थ्यो भने कुनै हस्तमित्रता थिएन र काठमाण्डौ भ्याली लैनचौरमा भारतीय राजदुतावास स्थापना र कर्मचारीहरूको आवात जावतको प्रवेश हुन थालेपछि एका-एक गरी माड्वारीहरू काठमाण्डौ भ्यालीमा व्यापारको उद्देश्यले छिरेका माड्वारीहरू रामकुमार अग्रवाल, सुर्जमल हजारीया, वच्चुराम, हनुमानदास, रघुनाथराय माड्वारी, मदनगोपाल, लक्ष्मीनारायण इत्यादीहरू इन्द्रचोक, मखन, वटु र १९९० सालको भुकम्पपछि जुद्धसडक पाको र विशाल वजारको पश्चिम तर्फको लामो सेतो घरहरू वनाई वसोवास गरी देशलाई चाहिने अति आवश्यक र अधिराज्यका महत्वपूर्ण कल कारखाना विदेशी सर-सामानहरूको थोक विक्रेता उपलल्ध गराई देशलाई ठुलो टेवा दिएको छर्लङ्ग देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा आफनो जीवन शान्ती सुरक्षा सम्बन्धी मौलिक हक अधिकार खोजीतर्फ अधिकारको हकको लागि यति प्रकारहरूका मानव अधिकार संघ संस्थाहरू देखा परेका नामावली लिष्टहरू छन् :

१) नेपाल मानव अधिकार संघ

२) यातना पिडित सरोकार केन्द्र

३) मानव तथा वातावरण विकाश केन्द्र

४) मानव तथा राष्ट्रिय विकाश समाज नेपाल

५) मानव अधिकार वातावरण तथा विकाश

६) मानव तथा वातावरण विकाश समूह

७) मानव तथा राष्ट्रिय विकाश नेपाल

८) मानव अधिकार संरक्षण तथा विकाश मञ्च

९) नेपाल वातावरण तथा मानव कल्याण संघ

१०) सामाजिक अनुसन्धान तथा मानव कल्याण केन्द्र

११) मानव स्रोत विकाशको लागी युवा नेपाली

१२) नेपाल मानव प्रकृति विकाश समाज

१३) मानव विकाश तथा संरक्षण समूह

१४) मानव कल्याण समूह

१५) मानव अधिकार वातावरण तथा विकाशको लागी हिमाली समाज

१६) मानव सेवा संगठन

१७) प्रकृति तथा मानव संरक्षण समाज

१८) मानज विकाश तथा समाज कल्याण केन्द्र

१९) मानव अधिकार तथा वातावरण मञ्च

२०) नेपाल मानववादी संघ

२१) अनौपचारिक सहायता केन्द्र

२२) मानव अधिकार संरक्षण परिषद

२३) मानव अधिकार तथा कानूनी परामर्श एवं प्रशिक्षण सेवा

२४) नेपाल मानव अधिकार तथा विकाश मञ्च

२५) नेपाल मानव अधिकार शिक्षा प्रतिष्ठान

२६) नेपाल मानव अधिकार संगठन

२७) मानव अधिकार तथा शान्ती समाज

२८) मानव विकाश तथा गरिबी निवारण केन्द्र

२९) राष्ट्रिय मानव अधिकार प्रतिष्ठान

३०) मानव अधिकार र सामाजिक न्याय समाज

३१) मानव अधिकार तथा वातावरणिय संरक्षण केन्द्र

३२) मानव अधिकार तथा विकाश अभ्यास

३३) मानव अधिकार संरक्षण केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

... Funding: MIDI

नेपालमा प्रवेश भएका प्रभासी नागरिकहरू

परिचयः

नेपालमा प्रवेश भएका प्रभासी नागरिकहरू नेपालमा लिच्छिवि वंश कालपछि भारतमा अंग्रेजहरूले सम्पूर्ण भारत वर्षराज्य अधिनमा लिएपछि पुरा एकलौटी भारतमा अंग्रेज सरकारले दबाउदै आफ्नो कब्जामा लिने क्रममा नेपाल देशलाई पनि थिचो मिचो गरी नेपालको केहि भू-भागहरू भारतमा गाभिन गयो नेपाली नागरिकहरू अनिवार्य रूपमा भारतीय नागरिकमा परिर्तन भयो । नेपालमा राणा शासन कालमा अंग्रेजहरूको दवावले नेपाली सैनिक टोलीहरू पनि भारतीय सैनिक युद्ध गर्ने टोलीहरूसित युद्धमा समावेश हुने, सैनिक सहायता दिने सम्झौता नेपाल र भारत बीच सन्धि हुँदा कयौं नेपाली सैनिकहरू वेपत्ता र घर बिहिनमा परी कयौं सैनिकहरूले युद्धमा नेपाली गोरखालीको नाम राखी विभिन्न भिक्टोरियामा पदवी समेत पाई धेरै जस्तो गोरखाली सैनिकका जवानहरू भारत कै भूमिमा घरजाम गरी बसोवास गरेको र केहि पुर्व पश्चिम उत्तर भेगका नेपाली कुनै घरायसी मर्म वा कुनै विदेशी फौंजमा जागिर खाई धन कमाउने लोप लालजमा गई विदेश तर्फ वसेका नेपाली वोलचाल गर्न भाषा समेत विर्सि हिन्दी भाषामात्रमा आफन्त बाल बच्चाहरूसित रहन सहन वोली चाली गर्ने गरिन्थ्यो । त्यतिवेलादेखि आफूहरूलाई गोरखाली भन्न नछुटाउने तर गोरखा र नेपाल देश कहाँ पर्छ र कस्तो अनुहार छ त्यो सव विर्सिसकेको तर कसैले गोरखा र नेपालको बारेमा कुनै नराम्रो शव्द उच्चारण गरेमा खुकुरी झिकी धम्की दिने र अरू नागरिकहरूलाई आफ्नो अधिनमा राखी गोरखालीको नाम राखेको थिए, पुनः एकपटक नेपालमा शाहवंशी राज्यकालमा आदि कवि भानुभक्त आचार्यले नेपाली भाषामा रामायणको पुस्तक लेखी उक्त पुस्तकले देश तथा विदेशमा वसोवास गर्ने साधारण नेपाली र गोरखालीहरूलाई समेत ज्यादै प्रभावित भै नेपाल देश कस्तो होला नेपालको वोलीचाली रहन सहनको खोजी तर्फ निकै चासो ठानी नेपाली कला संस्कृतिहरूको अध्ययन गर्नुको साथै कला संस्कृति खेलकुद शिक्षा इत्यादीहरूको माध्यमवाट पुर्खौली आफ्नो नेपाल देशको माटोलाई नै खनखोज उपज गर्ने उद्देश्यले प्रभासी नेपाली नागरिकहरू अधिराज्यभर भित्रिएका भनाइमा पाईन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

भिक्टोरिया क्रस बृटिश सेनाको सर्वोच्च युद्ध पदकहो

भिक्टोरिया क्रस विश्वको सवैभन्दा सम्मानति र सर्वोच्च युद्ध पदकको रूपमा मानिन्छ। यसरी सम्मानित हुनेको पछाडि ऐतिहासिक कारणहरू छन् । १७औं देखि २०औं शताव्दीको मध्यसम्म वृटिस उपनिवेश संसारभरी थियो । विशेषत यूरोप, अफ्रिका, एसिया र दक्षिण अमेरिकाका अधिकांश मुलुकहरू बृटिश राजमुकुट अन्तर्गत थिए। अर्को शव्दमा त्यहाँको शासन सत्ता स्थानीय शासकहरूले चलाए तापनि आन्तरिक शासन वृटिशहरू चलाउथे । त्यसताकाको एउटा कथावत् नै वनेको छ "The Sun Never Set in British Empire" "वृटिश शासनमा कहिल्यै सूर्यास्त हुँदैन"।

विश्वका आफ्नो मातहतमा रहेका देशहरूलाई नियन्त्रण गर्न उच्चतम आदर्श र वहादुरीकासाथ आफ्ना नागरिकहरूले वीरता प्रदर्शन गर्न सकोस् उच्चतम मनोवल उठोस भन्ने उद्देश्य राखी, युद्धका समयमा अद्वितीय वीरता पदर्शन गर्ने व्यक्तिहरूलाई सर्वोच्च युद्ध पदक प्रदान गर्ने भन्ने निर्णय तत्कालीन. वेलायतकी महारानी भिक्टोरियावाट भएको थियो । क्रिमियन युद्ध (सन् (१८५ -४५६) को समयदेखि नै यो पदको विषयमा सोचिएको थियो । यही अनुरूप २९ जुलाई, १८५६ मा बृटिश सेनाको सर्वोच्च युद्ध पदक भिक्टोरिया क्रसको महारानी भिक्टोरीयावाट विधिवत् घोषणा भयो ।

सन् १८५६ मा भिक्टोरिया क्रसको स्थापना भएपनि सन् १९११ सम्म - युद्ध भूमिमा दुश्मनको अगाडि जतिसुकै शौर्य देखाए पनि गोरखा र भारतीय सैनिकहरूलाई Indian Order of Merit 9(IOM) मात्र प्रदान गरिन्थ्यो । सन् १९११ मा प्रथम विश्व युद्ध (सन् १९१४-१८) को वादल संसारमा मडारिन थालेपछि, यो महान् युद्ध पदक Victoria Cross गोरखा र भारतीय सैनिकहरूलाई पनि प्रदान गरिने घोषणा भएको थियो ।

यस्तै, भारत स्वतन्त्र (१९४७) पश्चात् भारत सरकारले स्थापना गरेको सर्वोच्च युद्ध पदक परम वीर चक्र (P.V.C) विजेता लेफ्टिनेण्ट कर्नेल धनसिंह थापा मगरलाई सन् १९६२ को लद्दाखको युद्ध मोर्चामा मरणोप्रान्त (Posthumous P.V.C) प्रदान गरिएको सन् १९६३ को २६ जनवरीमा उहाँको श्रीमतीले यो भारतीय सेनाको सर्वोच्च युद्ध पदक विधवाको रूपमा राष्ट्रपतिवाट ग्रहण गर्नु भएको थियो ।

यसरी युद्ध भूमिमा भेट भएका दुई दुश्मन "वृटिस-भारत" र "गोरखा" (१८१५-१९९३) को लगभग १७९ वर्षको लामो परम्परागत मित्रताको इतिहास विश्वमा कहि पाइदैन । यो वीरता र इमान्दारीको कारणवाट नै लगभग भारतीय सेनामा ६२,०००, वृटिश सेनामा ५,०००, सिंगापुर प्रहरीमा १,००० सक्रिय सैनिकहरू (Active Service) सेवा दिदै आईरहेका छन् । हाल व्रुनाइका सुल्तानको सेनामा पनि लगभग २३०० जना अवकास प्राप्त सैनिकहरू सेवारत छन् ।

नेपालमा हाल भारतीय पेन्सनहरू मात्र पनि १००,००० भन्दा बढी छन् । वृटिस र सिंगापुरका पेन्सनहरू मात्र पनि ३५,००० जति छन् । विदेशी मुद्रा आयश्रोतको प्रश्नमा यी पेन्सनहरूको पेन्सनवाट मात्र ६ अर्व नेपाली मुद्रा वरावरको स्टेरलिङ पौण्ड, सिंगापुर डलर र भारतीय मुद्रा देशमा भित्रिएको छ। नेपाल राष्ट्र बैंकले यो वैदेशिक मुद्रावाट कमिशन कमाएको छ। तर पेन्सनको विदेशी मुद्रा आयश्रोत आजसम्म राष्ट्र बैंकले देखाएको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

गोरखा भी.सी. योद्धाहरुको विवरण चार्ट

THE VICTORIA HOLDER GURKHAS

S.No.	Rank	Name	Regiments	Place of Action	Country	Date of Action	Gazetled in London Gazetiee	War	Remarks
1	Rifleman	Kulbir Thapa Magar	2/3rd G.R	Fauquissart	France	25/09/1915	18/11/1915	World War I	Died in 1956
2	Rifleman	Karmabahadur Rana Magar	2/3rd G.R	El Kefr	Palstine	10.04.1918	21/06/1918	World War II	Died in 1973
3	Subadar	Lalbahadur Thapa Magar	1/2nd G.R	Ress-es-Zouai	Tunesia	5/6/04/1943	15/06/1943	World War II	Died in 1968
4	Havildar	Gaje Ghale	2/5 G.R. (F.F)	Chin Hills	Burma	27/05/1943	30/09/1943	World War II	
5	Rifleman	Ganju Lama	1/7 G.R	Nithoukhong	Burma	12.06.1944	07.09.1944	World War II	
6	Rifleman	Tulbahadhr Pun Magar	3/6 G.r	Mogang	Burma	23/06/1944	09.11.1944	World War II	
7	Naik	Agamsingh Rai	2/5 G.R. (F.F)	Bishenpur	Burma	26/06/4944	05.10.1944	World War II	
8	Subadar	Netrabahadur Thapa Magar	2/5 G.R. (F.F)	Bishenpur	Brma	26/06/1944	12.10.1944	World War II	Posthumous Award
9	Rifleman	Sherbahadr Thapa	1/9 G.R	San Marino	Italy	18-19/09/1944	28/12/1944	World War II	Posthumous Award
10	Rifleman	Thaman Gurung	1/5 G.R. (F.F.)	Monte San Bartolo	Italy	10.11.1944	22/02/1945	World War II	Posthumous Award
11	Rifleman	Bhanubhakta Gurung	3/2 G.R.	Tamandu	Burma	05.03.1945	05.06/1945	World War II	
12	Rifleman	Lachhiman Gurung	4/8 G.R	Taughdaw	Burma	12-13/5/1945	27/07/1945	World War II	
13	L/Coporal	Rambahadur Limbu	2/10 G.R.	Bau	Borneo	21/11/1965	22/04/1966	World War II	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

नेपालमा बाह्र बर्षमा मेला पर्व मनाउने परम्परा झलक

१) काठमाण्डौ भ्याली ललितपुरको गोदावरी कुण्डमा १२ बर्षको एक पटक १ महिनासम्म तिथी जोतिषीहरूको निर्णय अनुसारको देशका विभिन्न भागबाट आई मेला पर्व मनाउने परम्परा छ

२) काठमाण्डौ काभ्रे जिल्ला पनौतीमा १२ बर्षको एक पटक मकर मेला १ महिनासम्म तिथि, बार, महिना, जोतिषीहरूको आखत बमोजिम देश विदेशका जनसामुहरूको सम्मिलित ठूलो श्रद्धाका साथ मेला पर्व विधिपूर्वक पुजा गर्ने परम्परा छ ।

३) काठमाण्डौ हरिसिद्धि ललितपुर जिल्लामा १२ बर्षको एक पटक हरिसिद्धिका गठेहरूले तान्त्रिक विधिपूर्वक बली चढाई त्यो बलीको धुपको रूपमा १२ बर्षसम्म पुऱ्याउने र ठुलो जात्रा पर्व महत्सव मनाउने परम्परा छ ।

४) काठमाण्डौ भ्याली श्री पचली भैरबको १२ बर्षको एक पटक तान्त्रिक विधिपूर्वक पुजा इत्यादी गरी काष्ठमण्डप देवलको दक्षिण तर्फ भैरव नृत्य गरी मेला पर्व मनाउने परम्परा पुर्खादेखि चलिआएको छ ।

५) धादिङ्ग जिल्लाको टिष्टुङ्गमा बज्रबाराही देवीको १२ बर्षको एक पटक धुमधाम साथ तान्त्रिक विधिपूर्वक पूजा इत्यादी गरी मेला पर्व मनाउने परम्परा छ ।

६) ललितपुर जिल्ला खोकनामा रातो मच्छिन्द्रनाथको १२ बर्षको एक पटक तान्त्रिक गुवाजु विधिपूर्वक तिथि, १२ महिनाको अवसरमा मेला पर्व मनाउने परम्परा छ ।

७) काठमाण्डौ भ्याली दिपङ्कर स्वयम्भु भुई खेलमा मौसुफ श्री ५ को उपस्थितिमा १२ बर्षको एक पटक तान्त्रिक गुबाजु तिथिपूर्वक तिथि बार महिना जोतिषी आखत बमोजिम काठमाण्डौ भ्याली बौद्ध धर्मावली सम्पूर्ण श्रद्धालुहरूको उपस्थितिमा मेला पर्व ठूलो उत्सव मनाउने परम्परा पुर्खादेखि चलिआएको छ ।

८) काठमाण्डौ नरदेवी श्वेतकाली अजिमाको १२ बर्षको एक पटक तान्त्रिक विधिपूर्वक तिथि बार महिनामा बली पुजा इत्यादी गरि नृत्यको उपलक्ष्यमा मौसुफ श्री ५ समक्ष हनुमान ढोका काला भैरब अगाडी खण्डग साट्ने परम्परा छ ।

९) काठमाण्डौ भ्याली (लूँमडी) भद्रकाली माईको १२ बर्षको एक पटक तान्त्रिक विधिपूर्वक तिथिबार महिना जोतिषी आखत बमोजिम पुजा इत्यादिमा पर्व उत्सव मनाई पुर्खौली परम्परा कायम गर्ने चलन छ ।

१०) काठमाण्डौ भ्याली भिमसेन स्थानमा १२ बर्षको एक पटक भिम एकादशीको उपलक्ष्यमा तान्त्रिक विधिपूर्वक तिथि बार महिना जोतिषी आखत बमोजिम २ महिनासम्म भिमसेन भगवान गुप्त वास बस्ने परम्परा पुजा गरी पर्व मेला उत्सव मनाउने चलन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

११) काठमाण्डौ भ्यालीमा १२ वर्षे ईनार ब्रम्हटोल स्थित १२ बर्षको एक पटक १२ वर्षे ईनारमा तान्त्रिक गुवाजु विधिपूर्वक तिथि वार महिना जोतिषी आखत वमोजिम १२ बर्षमा एक पटक ज्यापु खलं सम्मिलित इनार सरसफाई गरी चारजना ज्यापु इनारभित्र तल चारपाटे खट राखेको हुन्छ । खटको माभमा एक कलश हुन्छ त्यो होशियारी साथ पुरानो कलश फुट्ट भिकेर अर्को राख्नपर्छ अलिमात्र ढिला भयो र व्यालेन्स मिलेन भने पानीको भुल्का छुट्छ र त्यो कलश १२ वर्षसम्म रहने परम्परा छ ।

१२) हलचोक आकाश भैरवको १२ वर्षको एक पटक तान्त्रिक विधिपूर्वक जोतिषी आखत वमोजिम तिथि वार महिना पुजा इत्यादिहरूमा जनसामुहरू सम्मिलित मेला पर्व मनाई उत्सव गर्ने परम्परा रहिआएको पुर्खौली चलन हो ।

१४) सिकाली देवी बुगमतिमा १२ वर्षको एक पटक तान्त्रिक विधिपूर्वक जोतिषी आखत वमोजिम तिथि वार महिना जुराई पुजा वली इत्यादि गरि ठूलो मेला पर्व उत्सवको जात्रा मनाई मेला भर्ने परम्परा रहेको पाईन्छ ।

१५) विज्येश्वरी माईको १२ वर्षको एक पटक तान्त्रिक विधिपूर्वक गुवाजु जोतिषी आखत वमोजिम तिथि वार महिना साईत जुराई विज्येश्वरी माईलाई माथि मन्दिर घरवाट तल खोलामा १२ दिनसम्म राखी विभिन्न पुजा विधि गरी ठूलो जनसामुद्वारा मेला पर्व मनाउने परम्परा छ ।

१६) पर्सा जिल्ला कल्हैया स्थित गडीमाईको १२ वर्षको एक पटक तान्त्रिक विधिपूर्वक पुजारीहरूको आखत वमोजिम तिथि वार महिना जुराई विभिन्न थरीको वली इत्यादी गडीमाई मन्दिरको वाहिर पट्टि खाल्टो खनी वली काटी पुजा विधि ठूलो जनसामुहरूको उपस्थितिमा मेला पर्व मनाईने परम्परा रहेको छ ।

१७) भापाको माई खोलामा १२ वर्षको एक पटक तान्त्रिक विधिपूर्वक तिथि वार पुजारी आखत वमोजिम मेला पर्व मनाइने परम्परा रहि आएको छ ।

१८) इन्द्रचोक निल आकाशे भैरवको १२ वर्षको एकपटक तान्त्रिक विधिपूर्वक गुवाजुद्वारा तिथि वार महिना जोतिष आखतमा नियम पूर्वक पुजा गर्ने परम्परा छ तर यो धेरै जस्तो जन साधारणहरूलाई थाह भएको हुदैन । विषेश पुजारी देयोपाल गुठीयारहरूलाई मात्र थाहा हुन्छ । पुजारी देयोपालाको भनाइ छ ।

१९) माहांकाल टुडिखेल नजिक स्थित १२ वर्षेको एकपटक तान्त्रिक विधिपूर्वक गुवाजु आखत वमोजिम तिथी वार महिना साईत जुराई १२ वर्षे पुजा गर्ने परम्परा छ ।

२०) संकटा टेवाल स्थित १२ वर्षको एक पटक तान्त्रिक विधिपूर्वक गुवाजु आखत वमोजिम तिथि वार महिना साइत जुराई १२ वर्षे नियमपूर्वक पुजा गर्ने परम्परा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

काठमाण्डौ भ्यालीमा बार्षायाममा आकाशे पानी नपर्ने ज्यादै अभाव भएको खण्डमा विभिन्न स्थान मुल द्वारहरूमा तिथि, बार, ज्योतिषी साइत जुटाई तान्त्रिक विधिपूर्वक पानी माग्ने मुल द्वारहरू :::

१) दक्षिण तर्फको मुल द्वार सिर शिखा नारायण भेग दक्षिण मुलद्वार ।

२) पश्चिम भेग तर्फको इचङ्गुनारायण भेगको पश्चिम मुलद्वार ।

३) उत्तर भेग तर्फको नर्गाजुन बागद्वार सिर र विष्णुद्वार मुलद्वार ।

४) पूर्व भेग तर्फको फुलचोकी गिरीको मुलद्वार सिरको मुल ।

अधिराज्यको धनी देवल

नेपाल अधिराज्यको सवभन्दा धनि देवल पशुपतिनाथभित्र पशुपति अगाडी एक निरवसाह छन् । भारत राज्यमा अंग्रेजी शासन कालमा अंग्रेजहरूले नेपाल पनि हामी लिन्छौं भन्दा नेपालका शासक राजाले कैयौं रातसम्म ननिदाई सारै चिन्तामा पर्दा श्री पशुपतिनाथले राजालाई राती सपनामा उपाए वताईदिनु भयो । मेरो स्वरूप लिङ्गी मूर्ति अगाडीको निरवसाहालाई असुर्फीहरूले मात्रै पुरिदिएमा नेपाल लिन सक्नुहुन्छ भन्ने प्रस्ताव राख्नु भन्ने सुचना भगवानबाट भएको हुंदा अंग्रेजहरूले नेपाल लिनलाई पशुपतिको निरवसाहालाई जति जति असर्फीले पुर्न खोजेपनि त्यो असर्फी भासिएर पाताल गई निरवसाह माथि माथि आउँदा सारा अंग्रेजी शासकहरू तिम्रा पशुपतिनाथका शक्ति देखेर हामी हार खाएका छौं अवदेखि कुनै बखतमा पनि नेपाल देशलाई हामी आक्रमण गर्ने छैन भन्ने यो प्रमाण नभएका भएता पनि धेरै जस्तो इतिहास उखानमा भनाई पाइन्छ ।

नेपालका दास प्रथा

नेपालमा दास, कमरा कुमारीहरू खरिद गरी राख्ने चलन धेरै पहिलेदेखिको परम्परा हो । यो चलनले देशको नागरिकहरूलाई ज्यादै जटिल समस्या भएको पैसा नहुनेले साहु महाजनहरूसित आफू साहुको बाँदा भै अलिकति सय पचास मात्र रूपैयामा खरिद गर्ने साहुको खेत बारीदेखि घरहरूको पनि साहुले अराए बमोजिमको काम गर्न पर्थ्यो मानिसहरूबाट हुने गल्तीहरू परम्परा देखिनै थियो । कसैको जुवा तासवाट कसेको छोरा छोरीहरूको गलत कामको ऋण चुक्ता गर्न आफु साहुको ऋण लिई बादा वसने त्यस्ता साधारण जनताहरू देशका साहु महाजनबाट थिचो मिचो भएको त्यस्तो समस्याहरूको छुटकारा फुक्का गर्ने १९८१ चन्द्र शमशेरको पालामा श्री पशुपतिनाथको ढुकुटीबाट विधिपूर्वक पुजा आरधनामा वक्साई केही रूपैया सापट लिएर दास दासिनीहरूलाई साहु महाजनको रूपैया चुक्ता गरी मुक्त पारी अमलेखगंजमा वसोवास गर्नेगरी सरकारले बस्ने थलोहरू दिएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

...gital Library ... Sangoth. Funding: MIDI

नेपाल अधिराज्यभरको सुकुम्बासीहरूको स्थापना र परिचय

२००७ साल राणाशासन कालको अन्त पहिलो प्रजातन्त्र प्राप्तिपछि काठमाण्डौ भ्याली र अधिराज्यभरी नेपालको जनसंख्या सिमित मात्रै थियो र जग्गा जमिनहरू पनि त्यति वास्ता पनि थिएन र आजको परिप्रेक्षको दाँजोमा घरहरू निर्माण पनि निकै कमी थिए, त्यसबेलासम्म जग्गाहरूको नापजाँच पनि त्यति थिएन । नेपाल नागरिकताको प्रमाण र घरजग्गाहरूको तिरो करहरू कमै मात्रामा तिरेपनि हुने थियो । घरजग्गाहरूको लालपूर्जाको चलन पनि नभएको अवसरमा नेपाली नागरिकहरूले विदेशी फौजमा नोकरी खाई अवकाश पाएका वा विदेशवाट स्वदेश तर्फ बसोवास गर्ने इच्छा अनुरूप धेरैजसो भारतीय नागरिकहरूले खेदेर पठाएकाहरू तराई क्षेत्रका वन जंगलहरू फाँडेर बसोवास र तराई क्षेत्रको भागहरूमा भारतीय नागरिकहरू पनि बसोवास गरेपछि नेपाली नागरिक प्रमाण पत्र लिएको पनि भनाई छ भ्याली क्षेत्रहरूमा भने प्रजातन्त प्राप्तिपछि आफू खुसी रोजा जग्गा लिएका थिए भने पंचायती शासन कालमा भने प्रधानपंच र वडा अध्यक्षको तजविजमा नै निकै धनवानहरूले पनि खोलाको छेउछाउ खाली ठाउँहरू ओगटेर विभिन्न हिमाली पहाडी क्षेत्र तथा विदेशवाट पेन्सेरहरूले वसोवास गरी उक्त सुकुम्वासीहरूहरूको समस्यावारे छलफल सरकार समक्ष २०४५ सालमा गठन भई २०४७ सालमा कार्यन्वयन पुराभई उक्त घर जग्गाहरूको लालपूर्जा समेत दर्ता गरी प्रमाण पत्र पाउने व्यवस्था भयो । सुकुम्वासी मध्येका कसैको त पिच सडकमा जोडिएको ५.६ तले पिलर सिष्टमको विशाल भवनहरू पनि छन् । तर वसोवास मात्र सुकुम्वासीमा वस्ने गर्दछन् भन्ने भनाई छ हाल जनसाधारणहरूलाई शान्ति सुरक्षाको लागि प्रहरी विट बनाउने ठाउँको पनि धेरै अभाव भएको देखिन्छ ।

नेपालको धोवी नागरिक इतिहास :

काठमाण्डौ भ्यालीको धोवि नागरिकहरू धोवि मान्यजनहरू र धोविधारा सिलालेख अनुसार राजा महेन्द्र मल्लको पालामा दाईजोको रूपमा नेपालमा प्रवेश गरेको भनाई छ, नेपाली राजखलकहरूले भारतीय राजखलकहरूसित साईनो जोड्दा भारतीय चेलिवेटीहरूलाई नेपालमा धोविको खाँचोको वृतान्तमा धोविहरूले नेपाल प्रवेश गरिएको भनाइ पाइन्छ ।

नेपालमा हजाम नागरिकहरू प्रवेश भएको परिणाम :

नेपालमा नाउ हजाम भन्ने मल्ल कालदेखि भएतापनि मुश्लिम हजाम रत्नमल्लको पालामा र ठाकुर हजामहरू शाहवंसीय सातौं पुस्तापछि प्रजातन्त्र अगाडि भारतको विहार राज्य र उत्तर प्रदेश राज्यवाट केहि ठाकुर हजामहरू नेपालमा आइ प्रसिद्ध देवालयहरूमा सुकुलको चकटीमा वसाई हजामत गर्ने चलन थियो । हिजोआज जस्तो सैलुन भने पाइएको थिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल्य अभिवृद्धि कर लगाउने र असुल उपर गर्ने व्यवस्था गर्न बनेको ऐन, २०५२

प्रस्तावना :

देशको आर्थिक विकासको लागि आवश्यक राजस्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी वनाई राजश्व परिचालन बढाउन वस्तु र सेवाको विक्री, वितरण, हस्तान्तरण, आयात वा निर्यात लगायतका सवै कारोवारमा मूल्य अभिवृद्धि कर लगाउने र असुल उपर गर्ने प्रक्रियालाई व्यवस्थित गरी राजस्व संकलन प्रभावकारी ढंगवाट गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौवीसौं बर्षमा संसदले यो ऐन, बनाएको छ ।

१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ को उपदफा (१) को प्रयोजनको लागि करको दर १० प्रतिशत हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ को उपनियम (१) र नियम ७ को उपनियम (१) को कारोवार अंक रू. १० लाखको सट्टा रू. २० लाख कायम गरिएको छ । तर आपूर्तिको खरीद, विक्री, मौज्दात र गोदामा छुट्टिन नसक्ने भएमा मूल्य अभिवृद्धि करको प्रयोजनको लागि कर अधिकृतले सवै आपूर्ति अंकलाई एउटै कारोवार सिमा मानी कर निर्धारण गरी असुल उपर गर्न सकनेछ साथै मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवाको कारोवार गर्ने सवै विक्रेताले आफ्नो फर्म/कम्पनीको नाम र सिलसिलेवार नम्वर सहितको विजक जारी गर्नु पर्नेछ ।

३. कर योग्य करोवारमा संलग्न रहेको व्यक्तिले मिति २०५६ श्रावण मसान्त सम्ममा मूल्य अभिवृद्धि करमा दर्ता भई कारोवार गरेमा निजलाई ऐन, अनुसार लाग्ने जरिवाना गरिने छैन ।

४. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ को रू. १०,००० को सट्टा रू. २५,००० गरिएको छ, तर श्री ५ को सरकारले तोकिदिएको दूर्गम पहाडी जिल्लाहरूमा मूल्य अभिवृद्धि कर नियमावी, २०५३ को नियम ५६ लागु हुने छैन ।

५. मूल्य अभिवृद्धि कर नियमावलीको नियम ६(क) प्रतिवन्धात्मक वाक्यांशको ठाउँमा "तर नेपाल अधिराज्य भित्र घरेलु उद्योगले स्वः प्रयोजनका लागि आफै आयात गर्ने देखि वाहेक कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता नगरी एक पटकमा कर लाग्ने वस्तु रू. १० हजारसम्म र वर्षभरीमा रू. २ लाख सम्मको कर योग्य वस्तु पैठारी गर्न पाउने छ ।" भनि राखिएको छ ।

६. मूल्य अभिवृद्धि करमा दर्ता हुने करदाताहरूसंग मौज्दात रहेका तर पहिले कर कट्टी सुविधा नलिएका सामानहरूमध्ये कर कट्टी सुविधा प्रदान गर्न ती सामानहरूमा आयकर तिरेको प्रमाणित हुने कागजात पेश गरेमा त्यस्तो मौज्दात सामानको सम्वन्धित करदाताले घोषणा गरेको मूल्यको १०% त्यस्तो मौज्दात सामानमा पहिले कर तिरेको मानी उक्त कर रकमको ७५% कर कट्टी सुविधा प्रदान गरी २५% मात्र कर असुली गरिनेछ । यस्तो कर कट्टी सुविधा सो सामान बिक्री गरेपछि बिक्री गरेको हदसम्म मात्र प्रदान गरिनेछ ।

७. कोल्याटरल अन्तरगत वैंक वा वित्तिय संस्थाको नाउँमा पैठारी वा खरीद गरिएको मेशीनरी आदि पूँजीगत सामान विभाजनको स्वीकृति भएमा सम्वन्धित उद्योग, कम्पनी, आदि पैठारी वा खरिद गरे सरह मानेर तयसमा लागेको मूल्य अभिवृद्धि कर सम्वन्धित उद्योग वा कम्पनीलाई कट्टी गर्न दिइनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Digitized by eGangotri. Funding: MIDI

जावलाखेल डिष्ट्रीलरी

कम्पनीको नाम : जावलाखेल डिष्ट्रीलरी प्रा.लि. जावलाखेल, ललितपुर ।

कम्पनीको स्थापक : विजय कुमार शाह

कम्पनीको स्थापना : २०३५।८।१२ गते स्वीकृति प्रदान (दर्ता मिति)

कम्पनीको काम : मदिरा उत्पादन गर्ने, आयत निर्यात गर्ने, विक्री वितरण गर्ने ।

कम्पनीका उत्पादनहरू : रूसलान भोड्का, भोड्का, अंगुरी, रेड राइडर, हिमालयन ब्राण्डी, हिमालयन हुस्की, जावलाखेल ड्राइजीन, रंगिला पान मजा, सोकी, खुकुरी रम, दुधिया, स्पेशल श्री इत्यादी ।

यो मदिरा कम्पनी कोर्नेशनको अवसरमा शुरूवात भएकोले कोर्नेशन रमले प्रख्यात छ । नेपाल देश धर्म संस्कृति विभिन्न तेत्तिस कोटी देव-देवीहरूले वसोवास गरेको विभिन्न ग्रन्थहरूमा पाइन्छ । देशको तिन तिहाई देव-देवीहरूलाई वली पुजासाथ मदिरा पनि अनिवार्य रूपले चढाउनु पर्छ र देश कै तिन तिहाई जनसाधारणहरू पनि सो मदिरा प्रसादको रूपमा सेवन गर्दै शुभ अशुभ विभिन्न जात्रा पर्व इत्यादीहरूमा मदिरा उत्पादन गर्न सरकार समक्ष कुनै अनुमति लिनु पर्दैन । तापनि यस कलियुगमा धेरै जस्तो सर्वसाधारणले यसलाई पेशागतको रूपमा मदिरा उत्पादन गर्नाले सरकार र सर्वसाधारण जनसामुहरूलाई ठुलो धक्का पारी, पछि गएर यसले देशलाई निकै खतरा पुऱ्याउने सम्भावना देखिएको छ भन्ने भनाई छ ।

संयुक्त राष्ट्र संघद्वरा बृद्धहरूका लागि प्रतिपादित सिद्धान्तहरू

संयुक्त राष्ट्र संघद्वरा वृद्धाहरूका लागि प्रतिपादित सिद्धान्तहरू संयुक्त राष्ट्र संघको साधारण सभाले (प्रस्ताव नं. ४६/९१ को रूपमा डिसेम्वर १५, १९९१ मा स्वीकृति गरेको थियो । संयुक्त राष्टसंघले आफ्नो सदस्य राष्ट्रहरूलाई वृद्ध वर्ष मनाउने आफ्ना राष्ट्रिय कार्यक्रममा यथासम्भव यी कुराहरू समावेश गर्न प्रोत्साहित गरेको छ । यी सिद्धान्तहरूका मुख्य मुख्य कुराहरू देहाय अनुसार छन् ।

(क) सहभागिता :

१) एकीकृत रूपमा समाजमा बसन तथा समाजको भलाईका लागि निर्धारण गरिने नीति तथा कार्यक्रमहरूमा वृद्धहरूको पनि सक्रिय सहभागिता गराउने तथा उनीहरूको ज्ञान र सीपलाई यूवा पुस्ताले ग्रहण गर्न सक्ने व्यवस्था हुनु पर्दछ ।

२) सामुदायिक सेवाका कामहरूमा वृद्धाहरूको आफ्नो रूची र क्षमता अनुरूप स्वयंसेवकको रूपमा सेवा गर्ने अवसर पाउनु पर्दछ ।

३ वृद्धाहरूसंग सम्वन्धित संघ संस्थाहरू संचालन गर्न पाउनु पर्दछ ।

(ख) हेरविचार :

१) आ-आफ्नो समाजको परम्परागत तथा सांस्कृतिक मूल्य र मान्यता अनुसार आफ्ना परिवार र समुदायवाट समुचित हेरविचार र संरक्षणको सुविधा पाउनु पर्दछ ।

२) आफूलाई संभाव्य रोगको शिकार हुनवाट बचाउन वा त्यसको उपचार गर्न आफ्नो शारीरक, मानसिक र संवेगात्मक स्थितिलाई बचाइराख्न स्वास्थ्यको उचित हेरविचारको सुविधा पाउनु पर्दछ ।

३) आफ्नो स्वतन्त्रता, संरक्षण र समुचित हेरविचारका लागि आवश्यक पर्ने सबै समाजिक तथा कानूनी सेवा उपलब्ध हुनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

अन्तर्राष्ट्रिय नारी दिवस

इतिहास :

विश्वको धेरैजसो मुलुकमा महिला र पुरूषको संख्या बरावर नै छ । कुनै कुनै मुलुकमा पुरूषको भन्दा महिलाको संख्या केही वढी पनि छ । नेपालमा महिलाको संख्या पुरूषको भन्दा वढी नै छ । तर एउटै पृथ्वीमा जन्मेका सन्तान छोरा र छोरीलाई किन समान व्यवहार गरिदैन, समाजमा पुरूषको मात्र प्रभुत्व देखिन्छ, महिला श्रमिकलाई पुरूष श्रमिक सरह ज्याला दिइदैन यस्ता कुरा ८९ वर्ष अघि महिलाहरूले नै गम्भिरतापूर्वक सोच्न थाले । चीन, ब्राजिल, ढोमिनिकन गणतन्त्र र संयुक्त राज्य अमेरीकाका केही महिलाहरूले मिलेर महिला र पुरूष वीचको विषमता महिलामाथि भए गरेका दूर्व्यवहार महिलाले भोग्नु परेको विषम स्थिति वारे चिन्तन गरेर सर्वप्रथम सन् १९१० मा महिलाले पनि पुरूष सरह सामाजिक, आर्थिक र राजनीतिक अधिकार पाउनु पर्छ भनेर आवाज उठाए । यही दिनलाई अन्तर्राष्ट्रिय नारी दिवसको रूपमा मनाउन शुरू गरियो ।

१९४५ - महिला र पुरूषमा समानता :

सन् १९४५ मा संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय सिद्धान्तको आधारमा महिला र पुरूषमा समानता कायम हुनुपर्छ भनि राष्ट्रका प्रतिनिधिले यसको आफ्नो वचन वद्धता जाहेर गरे ।

१९४६- महिलाको स्थिति सम्वन्धी आयोग :

यस वर्ष दिन पछि सन् १९४६ मा महिला वर्गको राजनितिक, आर्थिक र सामाजिक अधिकार प्रवर्धन गर्न महिलाको स्थिति सम्वन्धी आयोग (Commission on Status of Women) गठन भयो ।

१९६० - पेशागत भेदभाव उन्मूलन

यसै रूपले १९६० मा अन्तर्राष्ट्रिय श्रम संगठनले महिला उपर भएको रोजगारी र पेशागत भेदभाव उन्मूलन सम्वन्धी महासन्धी पारित गऱ्यो ।

१९७६ – महिला उपर हुने सवै प्रकारको भेदभाव :

सन् १९६७ मा महिला उपर हुने सवै प्रकारको भेदभाव उन्मूलन गर्ने विषयमा सहमति भयो ।

१९७५ – अन्तर्राष्ट्रिय महिला वर्ष :

फलस्वरूप सन् १९७५ को वर्षलाई संयुक्त राष्ट्र संघका सवै सदस्य राष्ट्रहरूले महिला वर्षको रूपमा मनाए ।

१९७९ – महिला उपर हुने सवै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धी :

सन् १९७९ मा संयुक्त राष्ट्र संघको महाधिवेशनले महिला उपर हुने सवै प्रकारको भेदभाव उन्मूलन गर्ने सम्वन्धी पारित गऱ्यो ।

१९८० – महिला दशकको अर्ध दशक प्रगति समीक्षा :

सन् १९८० मा अन्तर्राष्ट्रिय महिला दशकको अर्ध दशक १९७५ देखि १९८० सम्मको पांच वर्षमा भएको प्रगति समीक्षा गर्न महिला विषयक दोश्रो विश्व सम्मेलन कोपनहेगनमा सम्पन्न भयो ।

१९९४ – जनसंख्या र विकास सम्वन्धी अन्तर्राष्ट्रिय सम्मेलन :

सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा जनसंख्या र विकास सम्वन्धी अन्तर्राष्ट्रिय सम्मेलन भयो ।

१९९५ – महिला सम्वन्धी चौथो विश्व सम्मेलन :

सन् १९९५ मा महिला सम्वन्धी चौथो विश्व सम्मेलन चीनको राजधानी बेजिङमा सम्पन्न भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Digitized by eSangoth. Funding: MIDI

म्यूजिक नेपालको संक्षिप्त विवरण एक दशक

– संस्था प्रमुख सन्तोष शर्मा

मिति २०३९।४।२ मा सन्तोषकुमार शर्माको नाममा घरेलु तथा ग्रामिण उद्योग विभागमा म्यूजिक नेपालको नाममा दर्ता भएको यो उद्योग ०३९।५।२२ मा २ जना शेयर होल्डर श्री सजनराम भण्डारी र श्री यादव बासकोटा थप भै मिति २०४०।१।२ मा परीक्षण उत्पादन शरू गरी नियमित संचालनमा २०४०।४।१ देखि आएको हो । शुरूका दिनमा यसले रत्न रेकर्डिङ्ग संस्थानका निम्ति नेपाली गीति क्यासेट उत्पादन गऱ्यो । तर उक्त संस्थानको बजार ज्यादै सीमित भएकोले (एक्त संस्थानको वार्षिक आवश्यकता २० दिनमा उत्पादन हुन सक्थ्यो) म्यूजिक नेपाल बाँच्न आफ्नो उत्पादन हुनु अत्यावश्यक भैसकेको थियो

रोयल्टी प्रथाको शुभारम्भ :

शुरूका दिनमा म्यूजिक नेपालको आफ्नो स्टुडियो थिएन । तसर्थ बजारमा उपलब्ध उत्पादनलाई आफूप्रति आकर्षित नगरी अर्को उपाय हामीसंग थिएन । यसै सन्दर्भमा उक्त दिनहरूमा श्री मदनकृष्ण श्रेष्ठ र श्री हरिवंश आचार्यको संयुक्त प्रस्तुतिको आल्वमहरूको विशेष भूमिका रहेको छ । वहाँहरूले आफ्नो आल्वमको डर्विङ्ग हामीकहाँ गराउनु हुन्थ्यो । तर खाली क्यासेटचक्का वन्दोवस्त गर्ने बिक्री वितरण गरी रकम असुली आफै गर्नु हुन्थ्यो । उक्त कार्य ज्यादै कठिन र खास गरेर रकम असुल गर्ने काम झन्झट्पूर्ण भएको प्रसङ्ग पनि वहाँहरू बेला बेलामा उल्लेख गर्नु हुन्थ्यो । यस उल्झनको कारण वहाँहरूको सिर्जनात्मक कार्यमा बाधा समेत परिसकेको थियो । जसको कारण वहाँहरूको पछिल्ला आल्वम प्रकाशन भएको लामो अन्तरालमा पनि नयाँ प्रहशन आउन सकेको थिएन । यही तथ्यलाई ध्यानमा राखेर हामीले वहाँहरूलाई एउटा प्रस्ताव प्रस्तुत गऱ्यौं । जसअनुसार उत्पादन र बजारसम्वन्धी सम्पूर्ण कार्य म्यूजिक नेपालले गर्ने र प्रत्येक क्यासेट बिक्रीमा वहाँहरूलाई एक निश्चित रकम उपलब्ध गराउने यो रकम जसलाई रोयल्टी भनियो । वहाँहरूले आफैं उत्पादन तथा बिक्री वितरण गर्दा भन्दा केही कम भए पनि नियमित आपूर्ति र राष्ट्रिय स्तरमा बिक्री विरण हुने कारण वहाँहरूको वास्तविक आम्दानी बृद्धि नै हुनेहुँदा हामीबिच सम्झौता पत्रमा हस्ताक्षर भयो ।

यसरी प्रहसन सम्वन्धी रोयल्टी प्रदान गर्ने म्यूजिक नेपालको पहिलो सम्झौता मह जोडीसंग भयो भने लोकगीततर्फ श्री जयनन्द लामा (एम.एन. १०४) आधुनिक गीततर्फ सङ्गीतकार श्री विजयसिंह मुनाल (एम.एन.१०५) संग रोयल्टी प्रदान गर्ने सम्झौताहरू भए । यसरी नेपालको साङ्गीतिक इतिहासमा रोयल्टी प्रथाको शुरूवात भयो र यस १० वर्षको अन्तरालमा यस प्रथाले राम्रै जरो पनि गाडेको देखिन्छ । प्रमाणतः आज कुनैपनि व्यक्ति वा संस्थाले कसैको क्यासेट आल्वम उत्पादन गर्दा रोयल्टी प्रदान नगरी प्रकाशन गर्दैनन् र यो एउटा अघोषित नियम नै भैसकेको छ । फलस्वरूप श्री ५ को सरकारको संचार मन्त्रालयअन्तर्गतको नेपाल टेलिभिजनले समेत रोयल्टी प्रदान गरेर आल्वम उत्पादन गर्नु पऱ्यो । जवकि देशका यस सम्वन्धित कुनै कानून आजसम्म बनेको छैनन् र हजारौ कलाकारको माग हुँदाहुँदै पनि रेडियो नेपाल र नेपाल टेलिभिजनद्वरा प्रसारण हुने गीतहरूको रोयल्टी प्रदान गरिदैन । याहाँनिर स्वरसम्राट नारायणगोपालको आत्याधिक लोकप्रिय आल्वम गीतियात्रा का गीतहरू रेडियो नेपाललाई वहाँले प्रशारण गर्न नदिनु भएको कारण रोयल्टी प्रथा रेडियो नेपालले पनि शुरू गरोस् भन्ने वहाँको माग पूरा नभएको कारण नै हो भन्ने तथ्य उल्लेख गर्नु सायद सान्दर्भिक होला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding

संस्था परिचय

साधना कलाकेन्द्र र यसका गतिविधिहरू

नेपाल कला, संस्कृति र सभ्यताको जर्गेना गर्ने उद्देश्यले अभिप्रेरितभई वि.स. २०४७ सालमा स्थापित साधना कला केन्द्र गीत, संगीत, नृत्य तथा अन्य विधाहरूमा सफल प्रशिक्षक दिने ख्यातिप्राप्त प्रशिक्षण केन्द्रका रूपमा परिचित छ । यस केन्द्रले आफ्नो स्थापनाकाल पछाडि निम्न उद्देश्यहरू प्रस्तुत गरेको छ :

कलाकेन्द्रका उद्देश्यहरू :

१) व्यक्तिभित्र सुषुप्त अवस्थामा रहेको कलालाई सरल तथा मनोवैज्ञानिक प्रशिक्षण प्रणालीद्धारा प्रष्फुटन गराई उनीहरूमा एक नयाँ आत्मविश्वास र आत्मसम्मानको सञ्चार गरी प्रतिभा सम्पन्न असल नागरिक बनाउने ।

२) कलाप्रेमी नव-प्रतिभाहरूको खोजी गरी राष्ट्को कला, संस्कृति र सभयताको उत्थानमा योगदान पुऱ्याउने ।

३) नेपाली सभ्यता, कला एवं संस्कृतिको गरिमा र मर्यादालाई विश्वभर फैलाउने प्रयास गर्ने ।

४ देशमा सुषुप्त अवस्थामा रहेको कला र संस्कृतिमाथि अन्वेषण र अनुसन्धान गरी लोकसंस्कृतिको सम्वर्द्धन तथा विकास गर्न यथाशक्य प्रयास गर्ने ।

५) लोप हुन लागेको नेपाली बाजा, भेषभूषा, आभूषण, नृत्य, सङ्गीत, गीत-रचना, नृत्य, अभिनय आदि विधामा निरन्तर योगदान पुऱ्याउने राष्ट्रिय स्रष्टाको रूपमा चिनिने वरिष्ठ कला साधकहरूलाई सम्मान गर्दै जाने ।

कला केन्द्रले हाल निम्न विधाअन्तर्गत निम्न शिक्षकहरू मार्फत आफ्ना प्रशिक्षार्थीहरूलाई सशुल्क सेवा पुऱ्याइरहेको छ । यस अतिरिक्त वेला-वेलामा प्याकेज प्रोग्राम राखी वरिष्ठ सङ्गीत तथा नृत्य साधकहरूलाई निम्त्याएर प्रशिक्षण गराइने गरेको र हालसम्म १० हजारभन्दा वढीले साधरण प्रशिक्षण लिएर र तीमध्ये पनि १५० जति प्रशिक्षार्थीहरूले कला पेशालाई नै अँगालिरहेका छन् । हाल ३०५ जनाभन्दा वढी प्रशिक्षार्थीहरू यस साधना कला केन्द्रमा अध्ययनरत छन् ।

यसकेन्द्रका मुख्य विशेषताहरू : १) गीत, सङ्गीत र नृत्यका सवै विधाहरूका कक्षाको व्यवस्था । २) कुशल प्रशिक्षक तथा सङ्गीत सामाग्रीहरूको व्यवस्था ३) मनोवैज्ञानिक प्रशिक्षणविधिको प्रयोग ४) प्रत्येक कक्षाहरूमा नयूनतम मासिक शुल्कहरूका साथ (सीमित प्रशिक्षार्थी सङ्ख्यालाई प्रशिक्षण दिने व्यवस्था)

प्रत्येक वर्ष यस संस्थाले नेपाली गीत संगीतको क्षेत्रमा योगदान पुऱ्याउँदै आउनु भएका वरिष्ठ अग्रज कला साधकहरूलाई सम्मान गर्दै लैजाने प्रतिवद्धताअनुरूप २०५२ सालमा साधना सम्मानको स्थापना गरिएको छ । जसअनुसार २०५२ साल संगीततर्फ अम्बर गुरूङ्ग तथा कोइलीदेवी, गायनतर्फ नरराज ढकाल तथा तारादेवी, गीत रचनातर्फ माधव प्रसाद घिमिरे तथा छिन्नलता (रमीलादेवी शाह) नृत्यतर्फ कान्छावुद्ध वज्राचार्य तथा विमला श्रेष्ठ, वाद्यवादनतर्फ साम्वदेव सापकोटा तथा कृष्णभाई महर्जन, अभिनयतर्फ हरिप्रसाद रिमाल तथा शान्ति मास्के एवं संगीत अन्वेषकको रूपमा रामशरण दर्नाललाई सम्मानित गरियो । लोप हुन लागेको लोकसंस्कृतिको खोजी र जर्गेनाका लागि समय-समयमा यस केन्द्रले विभिन्न प्रतियोगिता र सम्मेलनहरू गर्दैआएको छ । यस कला केन्द्रद्धारा निम्न व्यक्तिहरूलाई वि.स. २०५३ सालमा सम्मान गरियो ।

– संस्थापक-निर्देशक : मिलन मोक्तान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

...Digitized by Sangathi funding: MIDI

नेपालमा भएका घट्ना र महत्वपूर्ण कुराहरू

वि.स. १९९० साल २ गते औशीको दिन दिउँसो २:४५ मा महाभुकम्प आएको थियो । त्यस बखतमा सरकारवाट जनताहरूलाई ऋण दिने व्यवस्था गरिएको थियो । धेरै जस्तो सोझा साझा जनताहरूले ऋण सम्झि कम मात्रमा ऋण लिएका थिए र कोहि वाठा टाठाहरूले त्यस बखत ऋणको रूपमा धेरै लिएका थिए । उक्त ऋण पछि माफ भयो ।

२००० विहान १० बजेतिर पूर्वतर्फवाट भयानक सलहको बथान पहिलो पटक नेपालमा आएको थियो

२००१ पौष १ गते भयानक कपास जस्तो फुत-फुत हिउ परेको थियो । रूखको हाँगाहरू लचक्क भई रूखका चरा चुरूङ्गी समेत जमिनमा खसेका थिए ।

आजभन्दा ७० बर्ष पहिले नेपालमा सूर्य ग्रहण लाग्दा सूर्यलाई ग्रहणले धपक्कै ढाक्दा दिउँसै पनि अन्धकार भएर रूखमा बसेका भंगेराहरू समेत जमिनमा फुतफुती खसेका थिए ।

२००४ सालमा प्रजातन्त्रको लागि बृहत जनताहरू मिली बिशाल जुलुस आएको थियो ।

२०३० साल आसार २५ गते राती प्र.मं. कृतिनिधी विष्टको पालामा सिंहदरवारमा आगलागी भएको थियो । दरवारको अगाडीको हिस्सालाई जोगाउन बम वारूदले पछाडिको हिस्सालाई भत्काइएको थियो पछि त्यसलाई पुनः निर्माण गरियो ।

२०३८ सालतिर घण्टाघरमा राती आगलागी भएको थियो । उक्त आगो निभाउन तिनै शहरको दमकल आउँदा पनि भोलिपल्ट मात्र निभ्यो ।

१९९० सालमा धरहरा भत्किदा एउटा ईटपनि वाहिर नखसी कम्पाउण्ड भित्रै खसेको थियो ।

१८२५ आसोज १३ गते श्री ५ पृथ्वीनारायण शाहले राज्य लिएको ।

१९०३ मा जंग बहादुर राणाबाट राणा शासन शुरूवात भएको ।

२००७ साल फागुन ७ गते राणा शासन अन्त भएको थियो ।

२०१७ साल पौष १ गतेदेखि पंचायती राज्य शासन लागू भएको थियो ।

२०४७ साल देखि वहुदलिय व्यवस्था लागू भएको ।

२०४५ प्र.मं. मरिचमानको पालामा भारतले नेपाललाई २ नाकावाहेक सबै नाकाहरू बन्द गरेको थियो

२०५५ साल चैत्रमा सेतो मच्छेन्द्रनाथको माथिल्लो भाग लगनटोलमा आगलागी भएको थियो । २०५५ सालभन्दा ७० वर्ष पहिले पनि भूइचम्पाद्धारा आगलागी हुंदा माथिको चंदुवा मात्र जलेको थियो

२०३२ साल कार्तिक महिनामा काठमाण्डौको हिउँमत टोल भाँसिएको थियो ।

सोहि समयमा भक्तपुरका केहि ठाउहरू पनि भाँसिएका थिए ।

भक्तपुर स्थित नकदेश वासिहरूले ६० वर्ष पुरानो धान राखी जंकु इत्यादीहरूमा भोज गर्ने चलन छ ।

हाल विशाल वजार तत्कालिन जनसेवा चलचित्र हल थियो । श्री ५ त्रिभूवनवाट दयाराम भक्त माथेमालाई श्री ५ लाई रिझाए वापत ९९ वर्षसम्म चलचित्र चलाउने अनुमति बक्सेको थियो । एकदिन चलचित्र भवनमा माल्किनी श्रीमती दयाराम रूपैया गन्न लाग्दा एक गाउँकी महिलाले धक्का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE-IKS

लाग्दा गनेको रूपैया भूइमा खस्दा ति महिलालाई कुटपिट गर्दा त्यसको भोलिपल्ट उक्त जनसेवा हल जलाइदिएको भन्ने भनाई छ ।

नाटकमा पनि टिकट ब्ल्याक भएको २०३२ सालतिर नाटक "अनि देउराली रून्छ" ने.रा.प्र.प्र. मा टिकट बाँडेर पनि नहुँदा भृकुटीमण्डपमा राती ४ बजेदेखि लाईन बसी टिकट लिनु पर्थ्यो । रू. ५ को टिकटलाई रू. ५० सम्म ब्ल्याक भएको थियो ।

सुनसरी खनार गा.वि.स. का विर नारायण चौधरी माझी १४० वर्षसम्म बाँचेका थिए । जन्म १९१३ मृत्यू २०५५ वैशाख ७ गते ।

नेपालका अग्लो मान्छे झापा जिल्लाका राजन कार्की १९ बर्षको लम्बाई ७ फिट ९ इन्चका थिए ।

२००७ साल षौष १२ गते बुधवार दिनको ४ बजेदेखि केहि दिनसम्म आर्मी शासन लागु भएको थियो

२००९ जेष्ठ १९ गते आयतवारदेखि ६ दिनसम्म अधिराज्यभर अड्डाहरूले आम हड्ताल गरेका थिए ।

२०४६ साल चैत्र २०,२१,२२,२३,२४ मा नेपाल अधिराज्यभर आर्मी शासन लागू भएको थियो ।

सानातिना घट्नाहरू :

२०४४ सालतिर काठमाण्डौमा हुरी बतास आउदा रंगशालामा फूटबल हेर्न जाने दर्शकहरू मध्ये ५० जना जति थिचो-मिचोमा परी मरेका थिए ।

२०३३ तिर जोरपाटी मूलपानीमा नाँग उत्पन्न भएको भन्ने व्यापक हल्ला र दर्शकहरूको ठुलो भिड ।

२०५५ तिर लगनखेल कुसुम्तीमा महादेव उत्पन्न भए भन्ने व्यापक हल्ला र ठुलो घुइचो लागेको ।

२०४९ तिर काठमाण्डौ मखनको प्रसिद्ध पशुपतिनाथको मन्दिरमा पसिना आएको व्यापक हल्ला थियो त्यस्तै : ल.पु. झरूवारासी पर्ने विभिन्न देउताहरूको मूर्ति देखापरेको र ठुलो जनसमुहहरूको भिड ।

२०५३ गणेश मूर्ति स्थापना भएकाहरूमा दुध खाएको व्यापक हल्ला र जनसमुहहरूको भिड लागेको थियो । यो पहिलो थाहा पाउने भारतका भक्तजनहरूले हो, र नेपालमा पनि प्रचार गरिएको थियो ।

काठमाण्डौ भ्यालीभित्र नेवारी राजाको पालामा ३६० असोचैत्य जमिनमा स्थापना गरेका थिए । जसमध्ये ४/५ वटा जति देखा परेका छन् । उदाहरणको निम्ति : बसन्तपुर कुमारी मन्दिर अगाडी एउटा असोचैत्य हाल देखा परिरहेका देखिन्छन्

भोटाहिटीको पूर्वकालको ढुंगेधारो २०४२ जमिन मुनि सुरूङ्गे बाटो खन्दा देखा परेको थियो ।

२०४५ साल भाद्र ५ गते विहान ५:५४ मा धरानमा ६.५ रेक्टर स्केलको भूइचालो आएको थियो ।

२०३७ साल श्रावणमा बझाङ्गमा ५.६ रेक्टरको भूइचालो आउँदा ठुलो नोक्सानी भएको थियो ।

२०५३ माघ १७ गते नुवाकोट सारसिङमा ५.६ रेक्टरको भूइचालो राती १:४७ बजे आएको थियो ।

नेवारी राजाको पालामा तान्त्रिक जामुना गुवाजु । त्यस बखतमा ति ज्यादै प्रख्यात तान्त्रिक थिए । एकदिन गुवाजुले स्नान गर्न शिक्षलाई मरूहिटीबाट डोकामा पानी लिन पठाए । सो समयमा भारतका एक प्रसिद्ध जादुगरले जादु खेल देखाई रहेको बेला डोकामा पानी ल्याएको देखि झन अचम्म मानी दर्शकहरू उतैतिर लागे । जादुगर रिसले त्यो डोकाको पानी सवै पोखाई दिए । जादुगरले मान्छे मारी टुक्रा-टुक्रा भाग लगाएको बेला तान्त्रिक गुवाजुले थाहा पाई चीलको रूप लिई मुटुको एकटुक्रा लगि दिए । जादुगर तान्त्रिक गुवाजुको घरमा माफ माग्न गएको बेला उनका श्रीमतीले आफ्नो दाहिने खुट्टो वाली रक्सी पारी राखेको, र गुवाजु चाहि रूखको एक हाँगालाई नुहाई खुट्टाले टेकी सो स्याउँला वोकालाई खान लागिरहेका थिए । त्यो जादुगरले देखेर हार खाई अवदेखि नेपालमा कुनैपनि जादु लिएर आउदिन भनेर बचन दिएको थिए । यो प्रसिद्ध पौराणिक उखान हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Nepal Sangeet ... Funding: MIDI

नारी सौन्दर्य प्रतियोगिताको झलक

सन् १९७० मा नेपाल जेसीजको अग्रणी शाखाको रूपमा स्थापित भएको हो । नेपालको प्रथम सुन्दरी प्रतियोगिता "Little Lady Beauty Pageant" को विकासक्रम सन् १९८८ मा ८ देखि ११ वर्ष सम्मको वालिका सहभागितामा लिटिल लेडी व्युटी प्याजेन्ट नामक प्रथम वाल सुन्दरी प्रतियोगिता आयोजना गरिएको थियो । त्यही प्रतियोगिताको इतिहास सुन्दरी प्रतियोगिता वन्न पुग्यो र वालिकाहरू पनि वालक भन्दा कमै छैनन् भन्ने शिक्षा लक्ष्य हो । सन् १९८८ देखि हालसम्म भएका वाल सुन्दरी निम्न वमोजिम छन् :-

सन् १९८८ मा सेन्ट मेरिज स्कुलकी सृष्तिना तुलाधर लिटिल लेडी १९८८ घोषित हुनु भएको साथै उनीनै नेपालकी प्रथम वाल सुन्दरी वनिन् । सन् १९९० मा भृकुटी मा.वि.की. मिस मिनाक्षी लामा लिटिल लेडी १९९० मा घोषित गरिएको थियो । सन् १९९३ मा लिटिल एन्जेल स्कुलकी मिस काजोल किरणलाई लिटिल लेडी १९९३ घोषणा गरिएको थियो । सन् १९९५ ग्यालेक्सी पव्लिक स्कुलकी मिस प्रतिमा रावललाई लिटिली लेडी १९९५ घोषणा गरिएको थियो । सन् १९९६ मा रातो वंगला स्कूलकी मिस प्रियाङ्गन वस्नेत लिटिल लेडी १९९६ मा घोषणा गरिएको थियो । १९९७ मा एमेरेल्ड एकेडेमीकी मिस प्रविणा थापालाई लिटिल लेडी १९९७ मा घोषणा गरिएको थियो । सन् १९९८ मा डियोफेडिल पव्लिक स्कूलकी मिस नित्या कार्कीलाई लिटिल लेडी १९९८ मा घोषणा गरिएको थियो । सन् १९९९ मा ग्यालेक्सी पव्लिक स्कूलकी मिस सुभानी भुक्तानलाई लिटिल लेडी घोषणा गरिएको थियो ।

वालिक सौंन्दर्य प्रतियोगिता तर्फ

उच्च अनुशासन कर्तव्यनिष्ठता, सुन्दर विभार र सुन्दर चेहराको संगसंगै नै सुन्दरी छनौटको मूल आधार मानेर थालनि गरिएको । मिस नेपाल घोषित सुन्दरीलाई पिलिपिन्समा सम्पन्न हुने मि एसिया प्यासिफक प्रतियोगिता (Miss Asia Pacific Quest) रूपमा नेपालको प्रतिनिधित्व गर्दै सन् १९९७ सम्म सहभागी गराइएको थियो । सन् १९९४ देखि हाल सम्म मिन नेपाल वन्न सक्षम

सुन्दरीहरू :

मिस स्वी रणा : सन् १९९४ मा मिस स्वी राणालाई घोषित गरिएको थियो भने उनिनै नेपालको प्रथम मिस नेपाल तथा मिस एसिया प्यासेफिकमा नेपालको तर्फवाट सद्भावना राजदुतको रूपमा सहभागी हुने प्रथम नेपाली सुन्दरी पनि हुन । उक्त प्रतियोगितामा मिस देचिन दोल्कर शेर्पा र मिस लतिका मास्के र मिस देचिन दोल्कर शेर्पालाई क्रमशः फष्ट रनर अफ र सेकण्ड रनर अफ घोषणा गरिएको थियो । सन् १९९५ मा मिस सुमी खड्कालाई मिस नेपाल १९९५ घाषणा गरिएको थियो भन्ने रिता गुरूङ्ग र मिस कृष्णा कुँवरलाई क्रमशः फष्ट रनर अफ र सेकेण्ड रनर अफ घोषणा गरिएको थियो । सन् १९९६ मा पुनम घिमिरेलाई मिस नेपाल १९९६ घोषणा गरिएको भने मिस कल्पना नोरिङ गुरूङ्ग र मिन निर्मला वस्नेतलाई क्रमशः फष्ट रनर अफ र सेकेण्ड रनर अफ घोषणा गरिएको थियो । सन् १९९७ मा निलिमा गुरूङ्गलाई मिस नेपाल १९९७ घोषणा गरिएको थियो भने मिनस चारूश्री जोशी र मिस शरिता ज्ञावलीलाई क्रमशः फष्ट रनर अफ र सेकण्ड रनर अफ घोषित गरिएको थियो । १९९८ मा मिस ज्योती प्रधानलाई मिस नेपाल १९९८ घोषणा गर्नुको साथै मिस निरू श्रेष्ठ र मिस सिर्जना के.सी. लाई प्रथम फष्ट सरन अफ र सेकेण्ड रनर अफ घोषित गरिएको थियो । काठमाण्डौ जेसीस र दी हिडेन ट्रेजर विचको सहमतिमा मिस नेपाल वनन सफल सुन्दरीलाई सेसेल्समा हुने मिस वल्ड प्रतियेगितामा सहमती गरउाने तथा फष्ट रनर अफ हुने सुन्दरीलाई मिस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding

एसिया प्यासेफिक फिलिपिन्समा हुने मिस एसिया प्यासेफिकमा नेपालको तर्फबाट सहमति गराउने योजना थियो । सोही योजना अनुसार मिस ज्याती प्रधानलाईलाई नेपालको तर्फबाट सेसेल्समा हुने मिस वल्डमा सहभागि गराइयो भने मिस नीरू श्रेष्ठलाई फिलिपिन्समा हुने मिन एसिया प्यासेफिकमा नेपालके तर्फबाट सहभागि गराइएको थियो ।

विडम्वना साथ भन्नुपर्दा सेसेल्समा हुने मिस वल्डको प्रतिस्पर्दी वनेकी मिस नेपाल ज्योती प्रधानले आयोजकको कडा नियमलाई उलघंन गरी अमेरीकातर्फ पलाएन हुन सफल भइन् । फलतः आयोजक पक्षले उनको घृणित व्यवहारको घोर निन्दा गर्दै आयोजकले निर्धारण गरेको अनुशासनको परिधिभित्र वस्न नसकेको कारण देखाई २३ July १९९९ का दिन एक पत्रकार सम्मेलनको आयोजना गरी मिस ज्योती प्रधानको मिस नेपालको उपाधि खोसी फष्ट रनर अफ हुन सफल मिस निरू श्रेष्ठलाई प्रदान गरेको घोषण गरिएको थियो । फलतः मिस नीरू श्रेष्ठले मिस नेपाल १९९८ को वैदानिक सम्मान पाइन भने मिस सृजना के.सी. लाई फष्ट रनर अफको उपाधि प्रदान गरिएको थियो । सन् १९९९ मिस स्वयता सिंह लाई मिस नेपाल घोषणा गरिएको साथै मिस निकिता भण्डारी र मिस कृपा श्रेष्ठलाई क्रमः फष्ट रनर अफ र सेकेण्ड घोषणा गरिएको थियो ।

स्मरणिय रहोस :

१. मिस नेपाल घोषित कुनैपनि सुन्दरीले आफ्नो मिस नेपालको समयावधिभर आयोजक पक्षले निर्धारण गरेको नियम विपरित कार्य गर्न पाउे छैन । यदि यस्तो गरेको खण्डमा आयोजक पक्षले पुन उसको उपाधि खोसी फष्ट रनर अफ वन्ने सुन्दरीलाई प्रदान गर्न सक्ने छ । मुख्यतया आयोजकको अनुमति वेगर सो समयवधि भर विवाह गर्न कुनैपनि विज्ञापन खेल्न र विदेश पलाएन हुने जस्ता कार्य गर्न पाइने छैन ।

२. सुन्दरताको परिक्षण गर्दा सुन्दर चेहरालाई मात्र प्राथमिकता दिइदैन ।

३. मिस नेपाल प्रतियोगिता नारीको अपमानका खातिर हैन सम्मानको लागि गरिने स्वच्छ प्रतिस्पर्धा

भिजिट नेपाल 1998

पर्यटन वर्ष दरवार मार्गस्थित सन् १९९८ जनवरी तारिख दिउँसो, दरवार मार्गमा पर्यटनहरू भित्राउने विभिन्न प्रकारको झलकहरू देखा पर्ने विशाल ढोका वनाइएको थियो । त्यस्तै साधारण सजावट ढोकाहरू त्रिभुवनहवाई स्थल देखि नारायणहिटी दरवार मार्गसम्मको फुटफाट साईटमा शाही मञ्ज तयार पारी श्री ५ महाराजधिराज मौसुफमा भिजिट नेपाल १९९८ को पुस्तिाका चढाई विभिन्न सांस्कृतिक झाकीहरूका साथ विभिन्न उच्च तहका पदाधिकारी एवं विदेशी महामहिम र प्रथम यात्राका पर्यटकहरूलाई सम्मान दिई भव्य भिजिट नेपाल मनाइएको थियो ।

मनाङ्गे ब्यापारीहरूको एक झलक

१०१३ सालतिर स्वर्गय श्री ५ महेन्द्रबाट मनाङ्ग जिल्लाको भ्रमणको अवसरमा मनाङ्गेहरू प्रति प्रभावित भएकोमा मनाङ्गेहरूलाई व्यापारको दृष्टिकोणमा हङकङ वैंककवाट मालसामान ल्याई नेपालमा व्यापार गर्न अनुमति दएको भनाई छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Digitization by eSangrah. Funding: MIDI

राणा र पंचायत कालदेखि नै निर्माण हुदै आएकाहरू

विर पुस्तकालय १९५६ मा विर सम्शेरको पालामा	विर अस्पताल १९४६ मा विर सेम्शेर
घण्टाघर १९५१ मा विर „ „	नारायणहिटी १९५१ विर „
सिंह दरवार १९५८ मा विर „ „	त्रिचन्द्र १९७८ चन्द्र श.
सैनिक अस्पताल १९७१ चन्द्र सम्शेर	आकाश वाणी १९७१ „
रोपवे रूपलाइन १९७१ „	लेल्वे लाईन १९४० जयनगर रे. ला.
दमकल १९४० जुद्ध सम्शेर	नेपालमा सती जाने अन्त १९७७ मा
दास चलन अन्त १९८१ मा	विजुलीवत्ती चन्द सम्सेर
धारो विर सम्शेरको पालामा	रक्सौल अमलेखगंजको रेलवे १९८४ मा
गोरखा पात्र देव सम्शेरको पालामा	नेपालवाट वाहिर जाने राजधानी भिम.
नेपालमा सिपाहीहरूलाई व्यारेक राख्ने, जुद्ध	नेपालको पहिलो वागमती पुल भिम.
नेपालको पहिलो प्र.मं., माथरवर सिंह	नेपाल छापाखाना १९२६, जंग वहादुर
नेपाली सैनिकहरू युद्धमा गएका १९७१	विदेशी वाजाहरू झिकाइएको १९९३
नेपालमा न्यायलयको स्थापना पद्म सम्शेर	जग्गाहरूको मालपोत तिरो तिर्ने १९३९
नेपालमा तिथि, वार, महिना, रणदेवको पालामा	नेपालको पहिलो प्र.मं. यूरोप भ्रमण १९०६
नेपालमा जनगणना गर्ने व्यवस्था १९४१	नेपाल अफिस समय तोक्ने देव सम्शेर
नेपाल भाषा पत्रिका नेपाल सम्वत २७६	मूलुकी ऐन, १९१० लागु भएको सुरेन्द्रको
कर्मचारीहरूलाई पेनसन दिने चलन, जुद्ध सम्शेर	शनिवार बिदा दिने, भिम सम्शेर
पहिलो मंत्रीमण्डल विभाजन भएको १९५१	हुलाक टिकट टाँस्ने चलन १९४४
नेपालको राष्ट्रिय धुन तयार भएको १९५८	राष्ट्रिय गीत १९५८ मा बनेको
१९६८ मा फर्पिङ्गको पावर हाउस निर्माण भएको	लासामा राज भवन निर्माण जुद्ध सम्शेर
२०२१ साल अन्तर्राट्रिय टेली कम्यूनिकेशनको स्थापना	२०२१ काठमाण्डौ, हेटौडा (रोपवे) स्थापना
२०४२ रत्नपार्कनिरको जमिन मुनिको वाटो निर्माण	२००८ पद्यकन्या क्याम्पस स्थापना
२०३२ साल भद्रपुर, त्रिपुरेश्वर ट्रली वस स्थापना	२०२० शाही सैनिक मञ्च स्थापना

पहिलो ढलान घर- चोखाचे गल्ली (रत्नमान काजी २००६। २०४४ देखि आषासफु गुठी स्थापना

नेपालमा औंशी एकादशी बजार तर्फ वलि काट्न नदिने चलन, औशी पित्रिहरूको र एकादशी नारायण र विष्णुलाई दिएको वार, तर वलि काट्नु पर्ने देव-देविहरूलाई कुनै रोकावट छैन । कुनै देवीहरूलाई त्यसैदिन वार साइतमा वलि पूजा गर्नुपर्ने हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE-IKS

केहि महत्वपूर्ण

वि.स. २०१२ साल पौष २५ गते सन् १९६१ मा श्री ५ महेन्द्रवाट राष्टसंघको सदस्य प्राप्त गरेको

२०१० साल सन् १९५४ मा नेपालले पनि युनेस्को संस्थाको सदस्य बनेको

२०१२ चैत्र २५ सन् १९५५ डिसेम्बर १४ तारिखदेखि नेपाल संयुक्त राष्ट्रसंघको सदस्य प्राप्त गरेको।

२०१५ वैशाख १ देखि प्रत्येक सरकारी कार्यालयहरूमा श्री ५ को सरकारको राख्ने व्यवस्था भएको।

२०१६ साल आषाढ १८ गतेदेखि नेपालमा सर्वप्रथम प्रतिनिधि सभाको स्थापना र प्रथम सभामुख कृष्णप्रसाद भट्टराई हाल प्र.म.।

२०२३ साल २४ गते भारतीय रू. १०० को नेपाली १५५ र त्यसपछि १६० रू. भएको।

१९९३ जेष्ठ २० गते काठमाण्डौको झोछेटोलमा धर्मभक्तको घरमा पहिलो राजनिति संस्थाको प्रजा परिषद उद्घाटन भएको थियो।

२०२५ सालदेखि नेपाली अधिराज्यमा नाप तौल किलो, ग्रामहरू लागू भएको त्यसअघि नेपालमा माना पाथी कुरूवा र कोश हात वित्ता अवंल इत्यादीहरूको चलन थियो।

सन् १९६८ देखि नेपाललाई जापान सरकारले विभिन्न सहयोग गर्ने वारे इच्छुक भएको।

२०१४ भूमिसुधार स्थापना २०१६ देखि जनसाधारणहरमा लागु भएको।

२०२२ साल घर जगगाहरूको लालपूर्जा वितरण गरेको।

२०३० साल फागुन ९ गते प्रथम काठमाण्डौमा सप्ताह व्यापी अखिल नेपाल हिन्दु सम्मेलन भएको।

२०३३ सालमा काठमाण्डौ र विभिन्न ठाउँहरूमा नागर बिकास लागू भएको।

२०२० सालमा १९९१ सालमा स्थापना भएको संचयकोषमा निजामति कर्मचारीहरले पनि तलवको प्रतिशत राखी कट्टी गरी राखेको रकमको डवल पाउने व्यवस्था भएको।

२०१८ सालमा चिन र नेपालको सिमाना रेखांकन गरी आ-आफ्ना सिमाना छुट्टा-छुट्टै भएको।

२०२३ सालदेखि सिंहदरवार काम्पाउण्डभित्र प्र.म. लगायत विभिनन मन्त्रालय अफिसहरू र वैशाख २ गते देखि मन्त्री परिषद्को सचिवालय भएको।

२०१२ मा काठमाण्डौ कालधारामा दलित समुह जातिहरूको बारेमा छलफल भेला मिटिङ्ग बसेको थियो

२०१९ सालमा हाकु भाई सुकु भाई कपाली र अरू दलित जातिहरू मिली न्यूरोडको खाजा खाने पसलहरूमा गई छुवाछुट गर्न पाइदैन भनि जथाभावी होटेलहरूमा पसी खाना खाई ठुलो संघर्ष भएको

२०२० सालदेखि छुवाछुट गर्न नपाइने कानून भएपछि २०२१ सालदेखि अफिस अड्डाहरूमा जातको सट्टामा जातहरूको थरहरू राख्न थलेको जस्तैः परियार, मिजार, विश्वकर्मा इत्यादीहरू।

हाफ विदा दिने प्र.मं. मरिचमानको पालामा शनिवार, आइतवार बिदा दिने प्र.मं. दोश्रो पटकको कृष्ण प्रसाद भट्टराई।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

केहि महत्वपूर्ण दोश्रो

स्वर्गय श्री ५ पृथ्वीनारायण शाहवाट वि.स. १८२५ आश्विन १३ गतेदेखि नेपाल अधिराज्यका स-साना टुकिएका राज्यहरूलाई समेटेर सिङ्गो नेपाल वनाई बक्सेको अवसरमा राजसिंहशानवाट सम्पूर्ण रैतीहरूलाई दिनु भएको दिव्य उपदेशहरू मध्येको एक उपदेश :

(मैले अर्जेको मुलुक	मेरो साना दुषले आर्ज्याको मुलुक होईन, सवै जातको
छोटा वडा सवै	फूलवारी हो, सवैलाई चेतना भया यो फूलवारीको छोटा
जातको साझा	वडा चारै जात छत्तिसै वर्नले यो
फूलवारी हो)	असिल् हिन्दुस्थान हो, आफ्ना कुलाधर्म नछोडनु

स्वर्गय श्री ५ त्रिभुवन राणाशासनको जनतामाथि भएको अन्याय अन्याचारीवाट प्रजातन्त्र ल्याउन २००७ साल कार्त्तिक २१ गते भारतको राजधानी दिल्ली सवारी भै केहि महिनासम्म राजतिनिञ्ज चाजो मिलाई २००७ साल फागुनमा स्वदेश फिर्ति सवारी भई अधिराज्यका रैतीहरूलाई प्रजातन्त्रको दायाँ हातले जयनेपालको संकेत वक्सेकोमा त्रिभुवन विमान स्थलदेखि हाल रत्नपार्क, जमल, नारायणहिटीको पच्छिम ढोकासम्म ठुलो जन समूहहरूको भिड लागेको थियो । स्वर्गय श्री ५ उपचारको लागि स्वीजरल्याण्डमा स्वर्गवास हुँदा स्वीजरल्याण्डवाट श्री ५ को मृत्यू लास त्रिभुवन स्थलमा ल्याउदा स्वर्ग मौसुफको दाहसंस्कार पशुपति आर्यघाटमा गरिएको त्रिभुवन स्थलदेखि आर्यघाटसम्म ठुलो जनसमुहहरूको ठुलो भिड र राजभक्तीहरूले कपाल खौरी तेह्रदिनसम्म सेतो टोपी सेतै जुत्ता लगाएका थिए । स्वर्गय श्री ५ महेन्द्रको मृत्यू भरतपुरको दियालो बंगलामा भएको थियो । उक्त लाश त्रिभुवन स्थलमा ल्याइएको थियो । त्रिभुवन स्थलदेखि आर्यघाटसम्म दाहसंस्कार गर्न लाँदा जन समुहहरूको भिड लागेको र राजभक्ती जनताहरूले कपाल खौरी तेह्रदिनसम्म सेतो टोपी सेतै जुत्ता लगाएका थिए । जन नेता वि.पि. कोईरालाको निधन हुदा काठमाण्डौ भ्यालीको विभिन्न पार्टी र ठुलो जनसमुहहरूको भिडमा पुशपति आर्यघाटमा दाहसंस्कार गरिएको थियो । सर्वमान्य नेता स्वर्गय गणेशमान सिंह श्रेष्ठको निधनमा नेताहरूमध्ये सर्वप्रथम राजकिय सम्मानमा काठमाण्डौ भ्याली र विभिन्न स्थान गरी ठुलो जन समुहको भिडमा ठमेल वासस्थान देखि भ्याली १ देखि ३५ वडा धेरै जस्तो नगर सवयात्रा परिक्रमा गरी शोभाभगवति, विष्णुमतिमा दाहसंस्कार गरिएको थियो । ने.क.पा. एमालेका प्रथम जन नेता स्वर्गय मन मोहन अधिकारीको निधनमा दोश्रो राजकिय सम्मानमा टुडिखेल खुल्ला मञ्चदेखि पुशपति आर्यघाटसम्ममा ठुलो जनसमुहहरूको भिड लागेको थियो । गायक स्वर सम्राट नारायण गोपालको निधनमा सर्वप्रथम ने.रा.प्र.प्र. को प्रेक्षालयमा राखिएको थियो । अन्तिम श्रदान्जली दिनेहरू ने.रा.प्र.प्र. देखि त्रिचन्द्र क्याम्पस तिनदोवाटो सम्म लाइन बसेको थियो ।

नेपालमा संगीतको विकास कममा २०१० सालमा डिल्ली बजारमा एक कोठा भाडामा लिएर संगीत सिरोमणी यज्ञराज शर्माको तत्वधानमा खेलिएको पछि पुतलीसडकमा गायन, नाट्य, नृत्य बाध्यको तालिम दिने र २०२२।२३ सालदेखि ईलाहवाद प्रयाग नाट्य संगीतसंग सम्पर्क राखि केन्द्र बनाई संगीतहरूको परीक्षा नेपालमा नै लिन आई प्रभाकरसम्मको प्रमाण पत्र दिने व्यवस्था भएको हो । नेपालमा संगीत नृत्य नाटक बाध्य परम्परादेखि हुदै आएता पनि चरिया नृत्यहरूको भने प्रसिद्ध बाहाल र देवतिर्थ जात्रा इत्यादीहरूमा मात्र हुने गर्थ्यो जन साधारणको प्रचलनमा २०१० सालतिर सप्तमुनि वज्राचार्य र कान्छा बृद्ध वज्राचार्यहरूले ल्याएको भनाई पाइन्छ । प्राइभेट तर्फ सांस्कृति कार्यक्रम प्रशिक्षणहरू र विदेश भ्रमण गर्ने पहिलो संस्था अरिनको ग्यालरी डिल्लीवजार, घट्टेकुलो, संस्थापक हनुमानदास हुन । हाल गजलको व्यापक प्रचलन भएको छ पहिलो गजल स्थापना होटल अन्नपूर्ण घरेकवाव गायक राजकुमार चौधरी, दोश्रो वसेरा होटल बागबजार, गायक विकाश वमजन थिए ।

दलित जाति मध्ये पहिलो मन्त्री हिरालाल विश्वकर्मा शाही सेना प्रहरी तर्फ पहिलो दलित मध्ये कप्तान पदवी पाउने काले नगार्ची सुनाम र कर्णेल पदवी पाउने काले नाराने वागदास हुन् ।

सहायक सचिव ने.रा.प्र.प्र., प्रज्ञा सभा सदस्य रामशरण दर्नाल, पुरस्कार पाउने झलकमान गन्धर्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding

१. महाशिवरात्रीको उपलक्ष्यमा शिवको ब्रत वसी पुजा विधि पर्व मनाउने परम्परा छ।
२. वर्षको एकपटक नारायण तथा श्रीसत्य नारायणको पुजा विधि दर्शन गर्ने परम्परा।
३. बर्षकको एकपटक श्री बिष्णु परमेश्वरको पुजा, दर्शन गर्ने परम्परा।
४. वर्षको एकपटक बुद्ध जयन्तीको अवसरमा भगवान वुद्धको पुजा, दर्शन गर्ने परम्परा।
५. रामनवमीमा श्रीरामको ब्रत वसी पुजा दर्शन गर्ने परम्परा।
६. श्रीकृष्ण जन्मअष्टमीमा ब्रत वसी श्रीकृष्णको पुजा गर्ने परम्परा।
७. वडा दशैंको अवसरमा माता नवदुर्गा भवानीको पुजा गर्ने परम्परा।
८. षौष महिनामा सुर्यको ब्रत वसी सुर्य पुजा गर्ने परम्परा।
९. माघ महिनामा श्री स्वस्थानी परमेश्वरीको ब्रत वसी पुजा गर्ने परम्परा।
१०. वर्षको एकपटक श्री भैरवको पुजा गर्ने परम्परा।
११. वर्षको एकपटक गुरु गणेशको पुजा गर्ने परम्परा।
१२. बर्षको एकपटक भिमसेन महाराजको पुजा गर्ने परम्परा।
१३. बर्षको एकपटक कुमारी, देवी भगवती, सरस्वतीहरुको पुजा गर्ने परम्परा।
१४. बर्षको एकपटक कुल देवताहरको पुजा गर्ने परम्परा।
१५. वर्षको एकपटक बायु, भुत, पिसाचहरुको पुजा गर्ने परम्परा।
१६. वर्षको एकपटक नाग पुजा गर्ने परम्परा।
१७. वर्षको एकपटक गोरु पुजा गर्ने परम्परा।
१८. वर्षको एकपटक राजाको पुजा गर्ने परम्परा।
१९. बर्षको एकपटक गुरु, पुरोहितहरुको पुजा गर्ने परम्परा।
२० वर्षको एकपटक काग पुजा गर्ने परम्परा।
२१. वर्षको एकपटक कुकुर पुजा गर्ने परम्परा।
२२. वर्षको दिदी बहिनीहरुले दाजु, भाईहरुको पुजा गर्ने परम्परा।
२३. बर्षको एकपटक गृह पुजा गर्ने परम्परा।
२४. बर्षको एकपटक गृह वा अन्य मन्दिरहरुमा वलि पुजा गर्ने परम्परा।
२५. वर्षको एकपटक रातो मछिन्द्रनाथको पुजा, जात्रा, महत्सव मनाउने परम्परा।
२६. बर्षको एकपटक सेतो मछिन्द्रनाथको पुजा, जात्रा, महत्सव मनाउने परम्परा।
२७. बर्षको एकपटक पिता, पित्रीको नाममा गोकर्ण तीर्थस्थलमा श्राद्ध गर्ने परम्परा।
२८. बर्षको एकपटक माता, पित्रीको नाममा माता तीर्थस्थलमा श्राद गर्ने परम्परा।
२९. बर्षको एकपटक विश्वकर्माको पुजा गर्ने परम्परा।
३०. बर्षको एकपटक लक्ष्मी पुजा गर्ने परम्परा।
३१. वर्षको एकपटक गुठी समुह पुजा गर्ने परम्परा।
३२. वर्षको एकपटक मनुष्य जातीहरुको जन्म दिवसको अवसरमा पुजा गर्ने परम्परा।
३३. वर्षको एकपटक तीर्थस्थल स्नान गरी पुजा गर्ने परम्परा।
३४. वर्पको एकपटक होली पुर्णेको अवसरमा चिड तथा सरस्वतीको पुजा गर्ने परम्परा।
३५. वर्षको एकपटक चन्द्रमाको पुजा गर्ने परम्परा।
३६. वर्षको एकपटक स्वयम्भुनाथ गुंला धर्म एकमहिना मेला भर्ने परम्परा।
३७. वर्पको एकपटक सन्तोषी माताको पुजा गर्ने परम्परा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा विभिन्न प्रकारको मुख हेर्ने परम्परा

१. नव शिशु पैदा हुदा माता पिता, मान्यजनहरुबाट नयाँ मुहारको मुख हेरी दक्षिणा दिने परम्परा
२. नयाँ दम्पतीहरुको मुख हेरी शुभकामना आर्शिवाद दिने परम्पारा ।
३. राजाको मंगलमय शुभकामना दर्शन गर्ने परम्परा ।
४. गुरु पुजा गरी विधि, शिक्षा आदिको आर्शिवाद स्वीकार गर्ने परम्परा ।
५. कुसे औसीमा पितालाई फलफुल, मिठाई इत्यादी खानदिई मुख हेर्ने परम्परा ।
६ माता तीर्थ औशीमा मातालाई इत्यादी शर्दानुसार खान ख्वाई मुख हेर्ने परम्परा
७. तिहार भाइटिकाका दिन दाजुभाईहरुलाई दिदी बहिनीहरुले पुजा गरी टिका लगाईदिने परम्परा
८. तिजको समयमा विवाहित महिलाहरुले आ आफ्ना पतिको लामो आयुको कामना गर्ने परम्परा
९. विजयी दशमीको उपलक्ष्यमा माता पिताहरुले सम्पूर्ण परिवारलाई टिका लगाई दिने परम्परा ।
१०. माता पिताहरुले आफ्ना सुपुत्री कन्याहरुलाई वहर खोजी कन्यादान गरी पठाउने परम्परा ।

यो गणितमा देखापरेका : यस्ता अनगिन्ती परम्पराहरु भन्न नसकिने थुप्रै होलान् ।

नेपाली संस्कृति परम्पराहरुमा

हिन्दु बौध्द धर्मानुसार नयाँ आविष्कार शिशु बालकदेखि वृद्ध अवस्था मृत्युसम्मको :

शिशु पैदा भएको छैंटो दिनमा विधिपूर्वक ११ औं दिनमा नरान, ६ महिनामा पास्नी अन्न प्रसाद ग्रहण १० देखि १४ बर्षभित्र छेंवर वा ब्रत बन्धन, २२ देखि २८ बर्षभित्र शुभ विवाह र घरपरिवार, ६५ वर्षदेखि ८५ वर्षसम्म बुढो पास्नी (जंखु) त्यसपछि ईश्वरकोको मर्जी मुताविक मृत्यूमा दाहसंस्कारमा जलाई भष्म गर्ने ।

नेपालको राष्ट्रिय पोशाक

१. लवेदा शुरुवाल, कोट, काँसीवाल टोपी, जुत्ता
